# स्थानीय राजपत्र

## मेचीनगर नगरपालिकाद्वारा प्रकाशित


| खण्ड-९ | मेचीनगर, झापा, कोशी प्रदेश, नेपाल | २० श्रावण, २०८३ साल |
|---|---|---|


**भाग-२**

### मेचीनगर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

### इटाभट्टा, झापा, कोशी प्रदेश नेपाल

### मेचीनगर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको सूचना

मेचीनगर नगरपालिका, नगरकार्यपालिकाले तल लेखिए बमोजिमको रणनीति सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

लैंगिक समानता अपांगता तथा सामाजिक समाबेशीकरण रणनीति

## विषय सूची


| क सं | शीर्षक | कैफियत |
|---|---|---|
| खण्ड एकः पृषठमूभि | | |
| १.१ | पृष्ठमभूमि | |
| १.२ | लैसअसास रणनीतिको सान्दर्भिकता | |
| १.३ | नाम र प्रारम्भ | |
| १.४ | परिभाषा | |
| १.५ | लैसअसास रणनीतिको सवाल | |
| १.६ | मेचीनगर नगरपालिकाको परिचय | |
| खण्ड दुईः वस्तुस्थिति विश्लेषण | | |
| २ | अवस्था विश्लेषण | |
| २.१ | SWOT विश्लेषण | |
| २.२ | सरोकारवालाको पहिचान | |
| २.३ | लक्षितवर्ग पहिचान र सवाल | |
| खण्ड तीनः सामाजिक समावेशीकरण रणनीति | | |
| ३.१ | दीर्घकालिन सोच | |
| ३.२ | ध्येय | |
| ३.३ | लक्ष्य | |
| ३.४ | उद्वेश्य | |
| ३.५ | लैङ्गिक समानता अपाङ्गता मैत्री तथा सामाजिक समावेशीकरण नीति | |
| ३.६.१—१२ | लैंगिक समानता अपांगता मैत्री तथा सामाजिक समावेशीकरण तथा मुलप्रवाहीकरण रणनीति | |
| ३.६.१३ | रणनैतिक क्रियाकलापहरु | |
| ४ | वित्त व्यवस्थापन | |
| ५ | कानुनी व्यवस्था | |
| ६ | रणनीति कार्यान्वयनको जिम्मेवारी तथा दायित्व | |
| ७ | रणनीति कार्यान्वयन अनुगमन व्यवस्था | |
| ८ | सम्भाव्य जोखिम तथा न्यूनिकरणका विकल्पहरु | |
| ९ | निश्कर्ष | |


लैंगिक समानता तथा सामाजिक समावेशीकरण रणनीति

## खण्ड एकः पृष्ठमूभि

### १.१ पृष्ठभूमिः

नेपालको संविधानद्वारा निर्देशित समानुपातिक समावेशी र सहभागितामूलक सिद्वान्तका आधारमा समतामूलक समाजको निर्माण गर्न तीनै तहका सरकारका सवै तह तथा क्षेत्रगत विषयहरुमा लैंगिक समानता अपाङ्गता मैत्री तथा सामाजिक समावेशीकरणको विषयलाई मूलप्रवाहीकरण आन्तरिकीकरण र संस्थागत गर्नु मुख्य आवश्यक्ता वन्दै गएको छ ।

संविधानको मौलिक हक १८ मा समानता हकमा सवै नागरिक कानुनको दृष्टिमा समान हुने तथा कसैलाई पनि कानुनको समान संरक्षणबाट बञ्चित नगर्ने। सामान्य कानुनको प्रयोगमा उत्पति, धर्म, वर्ण,जातजाति, लिङ, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, बैबाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा क्षेत्र र बैचारिक आस्था वा अन्य कुनै आधारमा भेदभाव गर्न नपाईने व्यवस्था गरिएको छ । नेपालको संविधानको धारा ३८ ले महिलालाई समान वंशीय अधिकार, सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्वन्धी अधिकार, राज्यका सवैतहमा सहभागी हुने अधिकार, सम्पत्ति तथा पारिवारिक मामिला सम्बन्धी अधिकार, शिक्षा, स्वास्थ्य, रोजगार र सामाजिक सुरक्षामा सकारात्मक विभेदको व्यवस्था गरेको छ। संविधानले महिला विरुद्ध हुने सबै प्रकारका हिंसाजन्य कार्यहरुलाई कानुन बमोजिम दण्डनीय हुने व्यवस्था गरेको छ ।

नेपालको संविधान २०७२ मा स्थानीय सरकारले राजनीतिक, सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिमसमुदाय, पिछडावर्ग, सीमान्तकृत, अल्पसङ्ख्यक,अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिकरूपले विपन्न खसआर्य लगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानुन बमोजिम विशेष व्यवस्था गर्नसकिने विषय उल्लेख गरी समावेशी अवधारणालाई आत्मसात् गरिएको छ । सामाजिक न्यायको हकले राज्यका हरेक तहमा समावेशी र समानुपातिक प्रतिनिधित्वको सिद्धान्तका आधारमा जनताको सहभागिताको अधिकार स्थापना गरेको छ।

विभिन्न समुदायवीच सामाजिक सद्भाव र सौहार्दता कायम गर्ने, बाल विवाह, बहुविवाह, लैंगिक हिंसा, छुवाछुत, दहेज प्रथा तथा हलिया प्रथा, छाउपडी, कमलरी प्रथा, बालश्रम, मानव बेचविखन जस्ता सामाजिक कुरीति र अन्धविश्वासको अन्त्य गर्ने, गराउने व्यवस्था गरेको छ । स्थानीय तहको योजना तर्जुमा तथा कार्यान्वयन गर्दा महिला तथा पिछडिएको एवं लक्षित वर्गको सहभागिताको व्यवस्था योजना छनौटमा महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने कार्यकममा जोड दिदै लैसअसास प्रवर्द्धन गर्ने लगायतको व्यवस्था उल्लेख गरेको छ। लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको सवालहरूलाई सम्बोधन गर्न लामो समय देखि नै प्राथमिकताकासाथ आवधिक योजना, वार्षिक योजना, नीति तथा कानुनको तर्जुमा तथा परिमार्जन र कार्यक्रम कार्यान्वयन गर्दै आइरहेको छ ।

नेपालको शासकीय संरचना संघीय, प्रदेश र स्थानीय गरी तिनै तहको आम निर्वाचन भई कार्यान्वयनमा आए पश्चात् संघीय संरचनामा रुपान्तरण भई सबै तहमा आ—आफ्नो सरकार स्थापित भई संचालनमा रहेको अवस्था छ । संविधानले स्थानीय तहलाई व्यवस्थापिका, कार्यपालिका र न्यायिक अधिकार प्रदान गरेको छ । संघीयताको अभ्यास नेपालको लागि नयाँ भएको र सोको कार्यान्वयनका लागि स्थानीय, प्रदेश एवं संघीय सरकारको स्थापना र तिनै तहका सरकारको संस्थागत विकास गर्दै सहकारीता, साझेदारी र सहअस्तित्वको मान्यता कायम गराउन अत्यावश्यक देखिन्छ । तीनै तहका सरकार, खासगरि प्रदेश र स्थानीय तहका सरकारका जनप्रतिनिधि एवं कर्मचारीहरु सरकारलाई सुम्पिएको काम, कर्तब्य र अधिकार तथा आ—आफ्नो भूमिका र जिम्मेवारीमा पूर्ण रुपमा जानकार भई अघि बढाउन पर्दछ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) सम्बन्धमा स्थानीय तहको काम, कर्तव्य र अधिकारमा लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्वन्धी व्यवस्था उल्लेख गरेको, वडा समितिको काम, कर्तव्य र अधिकार अन्तर्गत वडामा आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, सीमान्तकृत समुदायको अभिलेख राखी सामाजिक र आर्थिक उत्थान सम्बन्धी काम गर्ने व्यवस्था गरेको छ । विभिन्न समुदाय वीच सामाजिक सदभाव र सौहार्दता कायम गर्ने बालविवाह बहुविवाह लैङ्गिक हिंसा छुवाछुत देहज प्रथा तथा हलिया प्रथा छाउपडी कमलरी बालश्रम मानव बेचविखनजस्ता सामाजिक कुरीति र परमंपरागत गलत प्रचलनहरुको अन्त्य गर्ने गराउने व्यवस्था गरिएको छ ।

लैङ्गिक समानता,अपाङ्गता मैत्री तथा सामाजिक समावेशीकरणका सवालहरुको सम्वोधन गर्ने राज्यबाट विगतदेखि नै अनवरतरुपमा प्राथमिकतामा राखी आवधिक योजना मद्यमकालिन खर्च संरचना बार्षिक योजना नीति तर्जुमा तथा संशोधन लगायत कार्यहरु गर्दै आएको अवस्था छ ।

लक्षितवर्गको सार्थक सहभागितालाई मुलप्रवाहीकरणको मुल्यमान्यतलाई आत्मसात गर्दै मेचीनगर नगरपालिकामा संचालन हुने योजना तथा कार्यक्रम लैङ्गिक समानता अपाङ्गता मैत्री तथा सामाजिक समावेशीमैत्री वनाउन संवैधानिक एवं कानुनी उत्तरदायित्व पालना गर्न, नेपाल सरकारले राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा गरेका प्रतिवद्धताको कार्यान्वयनमा ल्याउन र स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुरुप लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका सवाललाई संस्थागत गरी समावेशी विकास पद्धतिको विस्तारका लागि थप मार्ग दर्शन गर्न सहजताका लागि मेचीनगर नगरपालिमा लैंगिक समानता,अपाङ्गता मैत्री तथा सामाजिक समावेशीकरण रणनीति तयार गरिएको छ ।

**१.२ लैङ्गिक समानता, अपाङ्गता मैत्री, तथा सामाजिक समावेशीकरण रणनीतिको औचित्य तथा सान्दर्भिकताः**

२०७२ को संविधानद्वारा प्रद्त समानताको हकको कार्यान्वयनको लागि समुदाय तहमा रहेका विभेदकारी मूल्यमान्यता, कुरीति र परम्परगत सामाजिक हानिकारक अभ्यास परिवर्तन गर्न आवश्यक छ । लैसअसास रणनीति मेचीनगर नगरपालिकाको नीति,कानुन, योजना, बजेट र कार्यक्रमलाई लैसअसास उत्तरदायि बनाउन मार्गनिर्देश गर्ने हुदा व्यक्ति परिवार र समाजको सोच तथा व्यवहारमा

सकारात्मक परिवर्तन ल्याई लक्षित वर्ग समूहलाई विकासको मूलप्रवाहमा समावेश गर्न सकिन्छ भन्ने मान्यता राख्दछ ।

नेपालको संविधानमा व्यवस्था भए अनुसार स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीय सरकारलाई कानुनी अधिकार क्षेत्र तथा जिम्मेवारीका निर्दिष्ट गरिएका राष्ट्रिय नीति तथा कानुनहरु र अन्तराष्ट्रिय प्रतिवद्वतताहरु स्थानीयकरण गरी लागु गर्न गराउनु आवश्यक्ता ठानी मेचीनगर नगरपालिकाले लैङ्गिक समानता तथा समावेशीकरण रणनीति निर्माण गरेको छ। लैङ्गिक समानता,अपाङ्गता तथा सामाजिक समावेशीकरण रणनीति जारी गर्नु पर्ने सन्दर्भमा अगाडि सारिएको आधारहरु

- नेपाल सरकारद्वारा अनुमोदन गरेका अन्तराष्ट्रिय प्रावधानहरुलाई स्थानीयस्तर देखी नै आत्मसाथ गरी लैसअसासमैत्री शासन पद्वति सञ्चालनमा सहयोग गर्न।
- लैंगिक समानता अपाङ्गता मैत्री तथा सामाजिक समावेशीकरणको अवधारणामा समान वुझाई कायम गरी समन्वय र साझेदारीमा लैङ्गिक उत्तरदायी नीति, योजना निर्माण तथा कार्यान्वयनमा लैसअसासमैत्री बानी व्यवहार अवलम्वन गर्न ।
- लैङ्गिक समानता,अपाङ्गता मैत्री तथा सामाजिक समावेशीकरणका प्रावधानलाई स्थानीयकरण गरी विकासको मूलप्रवाहमा सवै लक्षित समूहको अर्थपूर्ण सहभागिता सुनिश्चत गर्न मार्गनिर्देश गर्न ।
- खण्डिकृत तथ्य तथ्याङ्क लैङ्गिक समानता, अपाङ्गता मैत्री तथा समावेशीकरणको आवश्यक्ता र मागका आधारमा योजना प्राथमिकीकरण र योजना तर्जुमा तथा कार्यान्वयनमा सहयोग गर्न।
- दिगो विकास लक्ष्य प्राप्तीमा समाजमा रहेको गलत मुल्यमान्यता र सवै प्रकारका विभेद न्यूनिकरण गर्दै समान पहुँच र अवसर प्रदान गरी न्यायपूर्ण समाज निर्माणमा सहयोग गर्न ।
- लैङ्गिक समानता अपाङ्गता मैत्री तथा सामाजिक समावेशीकरण रणनीतिबाट सवै सार्वजनिक नीजि र सामाजिक संघसंस्थाहरुवीच नियमित समन्वय र सहकार्यबाट लैङ्गिक सम्वेदनशील व्यवहारको विकास गरी लैसअसासमैत्री नीति कानुन वजेट र योजना निर्माण तथा कार्यान्वयनमा निर्देशन सहित प्रोत्साहन गर्न ।

### १.३ नाम र प्रारम्भः

यो रणनीतिको नामः लैंगिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण रणनीति २०८३ रहने छ । यसको प्रारम्भ मेचीनगर नगरपालिकाको कार्यपालिकाले स्वीकृत गरेको मिति देखि लागु गरिने छ ।

### १.४ परिभाषा

विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस रणनीतिमाः

(क) रणनीति भन्नाले लैङ्गिक समानता, अपाङ्गता मैत्री तथा सामाजिक समावेशीकरण रणनीति २०८३ सम्झनु पर्दछ।

(ग) स्थानीय तहः भन्नाले मेचीनगर नगरपालिकालाई संझनु पर्दछ ।

(घ) नगरपालिकाः भन्नाले मेचीनगर नगरपालिका संझनु पर्दछ ।

### १.५ लैङ्गिक समानता, अपाङ्गता मैत्री तथा सामाजिक समावेशीकरणमा समावेश हुनुपर्ने सवालहरु

लैंगिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण रणनीति

स्थानीय स्तरमा लैङ्गिक समानता, अपाङ्गता मैत्री तथा सामाजिक समावेशीकरणका सवालहरु यथोचित सम्बोधन हुन सकेका छैनन्। बुझाई तथा क्षमतामा कमी, शासकीय व्यवस्था, न्यून लगानी आदिका कारण रणनीतिक क्रियाकलापहरु आवश्यक छन्। मेचीनगर नगरपालिकाको लैङ्गिक समानता, अपाङ्गता मैत्री र सामाजिक समावेशीकरण रणनीतिले लैसअसासका महत्वपूर्ण सवालहरुलाई समावेश गरेको छ।

क **अन्तरवर्गीयता (Intersectionality)** अन्तरवर्गीयताले जाती, वर्ग, लिङ्ग, उमेर र अन्य व्यक्तिगत विशेषताहरू कसरी एकअर्कासँग अन्तरवर्गीयता र दोहोरोपना (Overlap) बाट प्रभावित हुन्छन् भन्ने बारेमा स्पष्ट पार्दछ।

यसले व्यक्तिहरूसँग भेदभाव र उत्पीडनको कष्टपूर्ण अनुभव हुन्छ भन्ने यथार्थलाई जनाउँदछ। व्यत्तिहरुलाई उनिहरूको लिङ्ग, जाती, वर्ग, यौनिक पहिचान, शारीरिक क्षमता, तथा अवस्था, धार्मिक आस्था, भौगोलिक अवस्थिती आदिका कारणले वन्चितीकरणमा परेकाहरुलाई यथोचित सम्बोधन गर्न आवश्यक छ।

अन्तरवर्गीयता कुनै व्यक्ति वा समूहको भलाइको लागि सबै सम्भावित अवरोधहरू बारे थाहा पाउने र सम्बोधन गर्ने विषयसँग सम्बन्धित छ। नगरपालिकाका विकास नीति, योजना, परियोजना र पहलहरूले अन्तरवर्गीयताका सवालहरूलाई सम्बोधन गर्दै सबै सङ्कटासन्न व्यक्ति तथा समुदायहरूका विविधतालाई पहिचान गरी समावेश गर्न अनिवार्य छ। विद्यमान सामाजिक आयामहरूको पहिचानका लागि विशेषाधिकार, शक्ति र कार्य सम्बन्धी सवालहरू समावेश गर्न अन्तरवर्गीयताको विषयलाई यस रणनीतिले आत्मसात गरेको छ। यसले सिमान्तकृत समुदायहरू र वर्गहरूको आवाजहरूलाई ध्यान दिई पहिचान गर्न र समावेश गर्न मापनयोग्य कार्यहरू अवलम्बन गर्न मद्दत गर्दछ।

ख. **सङ्कटासन्न समूह (Vulnerable Groups) :** महिला, एकल महिला, गर्भवती तथा सुत्केरी आमा, किशोरी, बालबालिका, बालबालिका घरमूली भएका परिवार, ज्येष्ठ नागरिक, युवा, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, LGBTIQ+ समुदाय, अपाङ्गता भएका व्यक्ति, एचआइभी/एड्स संक्रमित, दलित, जनजाति, अन्य सीमान्तकृत समूह, यौनकर्मी, नागरिकताविहीन, दूर्गम क्षेत्रमा बसोबास गर्ने, आश्रयस्थलमा बसोबास गर्ने, आप्रवासी, घर फर्केका आप्रवासी कामदार, बेचबिखनमा परेका, शरणार्थी, अशिक्षित, दीर्घरोगी, अपाङ्गता भएका तथा दीर्घरोगीलाई हेरचाह गर्ने व्यक्ति, आदिवासी समुदायका र कमजोर आर्थिक अवस्था/सामाजिक—आर्थिक स्तर भएका व्यक्तिहरु।

ग. **अपाङ्गताः** अपाङ्गता भएका व्यक्तिहरू दैनिक जीवनयापन वा दैनिक कार्यसम्पादन गर्न कठिनाई भोगिरहेका हुन्छन । विपद्का बेला अझ जोखिममा रहेका हुन्छन् । साथै हरेक किसिमको अपाङ्गतामा विविधता हुने भएको हुँदा उनीहरूका आवश्यकता समेत फरक-फरक हुन्छन् । अपाङ्गताको समावेशीकरणमा विभिन्न अवरोधहरू रहेका छन्। तसर्थ, अपाङ्गता भएका व्यक्तिहरूलाई तालिम र मार्गदर्शन मार्फत उनीहरूको क्षमता अभिवृद्धि गर्ने, परिचयपत्र उपलब्ध गराउने, अपाङ्गतामैत्री सहयोगी समाग्री (Assistive Devices) जस्तै - दृष्टिविहीनहरूलाई सेतो छडी, शारीरिक अपाङ्गताका लागि हिवलचेयर वा आवश्यकता अनुसारका अन्य समाग्री, कम्पनयुक्त सन्देश/भिन्न आवाजको प्रयोग, सुनाई सम्बन्धी

अपाङ्गता (बहिरा व्यक्ति) भएका व्यक्तिहरुका लागि सांकेतिक भाषा वा दोभासेको व्यवस्था, प्रतिक्रिया (Response)का लागि तयार पारिएका उपकरण तथा विद्युतीय उपकरणहरूको नियमित प्रयोग साथै मर्मत संभार आदि कार्य महत्वपूर्ण हुन्छन्।

घ. **लैङ्गिक समानता, अपाङ्गता र सामाजिक समावेशीकरणको मूलप्रवाहिकरण (GEDSI Mainstreaming) :** सङ्कटासन्न समूह र कमजोर आर्थिक अवस्था/सामाजिक—आर्थिक स्तर भएका व्यक्तिहरुका अवरोध, आवश्यकता, एवं सवालहरूलाई पहिचान गरी समान अधिकारको प्रत्याभूति, पहँच र अवसरहरुको उचित बाँडफाड गरिने प्रक्रिया। विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका सन्दर्भमा उपलब्ध हुन सक्ने सेवा, सुबिधा र अवसरहरूमा बिना भेदभाव सङ्कटासन्न समूह तथा अन्य व्यक्तिहरुलाई समावेश गरिने प्रक्रिया।

ङ. **समता (Equity) :** न्यायमा पहुँच हुने प्रक्रिया अन्तर्गत व्यक्तिहरूको विशिष्ट आवश्यकता र सङ्कटासन्नताको गाम्भीर्यतामा आधारित रही सकारात्मक विभेद गरिन्छ ।

च. समानता (Equality) : सबै मानव जाति समान भई, बिना भेदभाव आफ्नो क्षमता विकास गर्न र अवसरको छनोट गर्न स्वतन्त्र छन् भन्ने बुझाउँछ। यसमा सङ्कटासन्न समूह लगायत सबै मानव जातीका आवश्यकताहरूलाई ध्यानमा राखी, समान व्यवहार गर्नुका साथै अबिभेदको नीति अङ्गिकार गरिन्छ।

छ. **लैङ्गिक समानता (Gender Equality) :** महिला, पुरुष लैङ्गिक तथा यौनिक अल्पसंख्यक पहिचान भएका व्यक्तिहरूले समान अधिकार तथा व्यवहारका साथ आफूमा भएको क्षमतालाई पूर्णरूपमा प्रस्फुटन गर्न पाउने मौका, र आर्थिक, सामाजिक, सांस्कृतिक र राजनीतिक विकासका लागि योगदान दिने एवं लाभान्वित हुन पाउने अवसर दिँदै, प्रत्येक व्यक्तिको इच्छा र आवश्यकतालाई बिना भेदभाव पुरा गर्न पाउने स्वतन्त्रा। लैङ्गिक समानतालाई मानव अधिकारको पूर्वशर्त र दिगो विकाशको सूचक मानिन्छ।

ज. **सीमान्तीकरण (Marginalization) :** लिङ्ग, जात, जाति, सामाजिक बहिष्करण, आर्थिक अवस्था, धार्मिक आस्था भौगोलिक अवस्थिति, योग्यता, शिक्षा, भाषा, आदिमा आधारित भेदभावका कारण परम्परागतरुपमा वञ्चित समूहहरूले भोग्दै आएको अनुभवलाई बुझाँउछ।

झ. **सामाजिक समावेशीकरण (Social Inclusion) :** यस प्रक्रियाले गरिबी र सामाजिक वञ्चितीकरणमा परेका व्यक्तिहरूले समाजमा सामान्य जीवनयापन गर्न आर्थिक र सामाजिक—सांस्कृति रूपमा सहभागी हुन आवश्यक अवसर र स्रोतहरू प्राप्त गरेको सुनिश्चित गर्दछ। उपलब्ध स्रोतहरूमा पहुँच र नियन्त्रणका साथै आत्मविश्वास र मौलिक हकको उपभोगका लागि निर्णय प्रक्रियामा बढीभन्दा बढी सहभागी हुने क्षमता अभिवृद्धि गर्दछ।

ञ. **प्रभाव विश्लेषण/मूल्याङ्कन (Impact Analysis/Assessment)** यसले नीति तथा कार्यक्रमहरुमा लैङ्गिक समानता, अपाङ्गता र सामाजिक समावेशीकरण को मूलप्रवाहीकरण सुनिश्चित गरिएको छ/छैन भन्ने बारेमा निक्यौंल गर्दछ । साथै, यसले पहुँच, संरक्षण, सहभागिता, क्षमता विकास, नीतिगत र रणनीतिक क्षेत्रहरूमा भेदभावबाट परेका प्रभावहरूको मात्रा पहिचान गर्दछ।

ट. **लैङ्गिक उत्तरदायी बजेट (GRB) :** सरकारका प्रभावकारी योजना, कार्यक्रम र बजेटले लैङ्गिक समानताको विकास र समावेशीकरणमा योगदान पुर्याउँछ। यस अन्तर्गत लैङ्गिक असमानता रिक्तताहरू घटाउन र

स्थानीय सरकारका नीति, योजना तथा कार्यक्रमहरूको पहिचान एवं सम्बोधन गर्न सकारात्मक हस्तक्षेपकारी पहल (Interventions) गर्ने कार्यहरू पर्दछन्।

ठ. **मानसिक स्वास्थ्य र मनोसामाजिक परामर्श :** मेचीनगर नगरपालिकाका कार्यक्रमहरुमा समसामयिक विषयहरुझैं मानसिक स्वास्थ्य र मनोसामाजिक परामर्श महत्त्वपूर्ण सवाल र ध्यान पुर्याउनु पर्ने आवश्यकता टड्कारो रुपमा देखिएको छ । समसामयिक समाजमा मानसिक स्वास्थ्य र मनोसामाजिक परामर्श अत्यन्त महत्त्वपूर्ण विषयका रूपमा उभिएको छ, जसलाई स्थानीय तहबाट प्राथमिकताका साथ सम्बोधन गर्न आवश्यक देखिन्छ। व्यक्तिको समग्र विकास, उत्पादकत्व तथा समुदायको सामाजिक सद्भाव कायम राख्न मानसिक स्वास्थ्यको सुदृढीकरण अनिवार्य पक्ष हो। विभिन्न सामाजिक, आर्थिक, पारिवारिक तथा व्यक्तिगत कारणहरूले व्यक्तिहरूमा तनाव, र चिन्ता, लगायतका मानसिक स्वास्थ्यसम्बन्धी चुनौतीहरू बढ्दै गएका छन्।

ड **लक्षित समूहः** रणनीतिमा लक्षित समूह भनेर किटान गरिएका बालबालिक महिला,अपांगता भएका व्यक्ति,विभिन्न जातजाती, वर्ग, लिङ, क्षेत्रका व्यक्तिहरुलाई सम्झनु पर्दछ ।

ढ. **बञ्चिती समूहः** जातीय, आर्थिक, लैङ्गिक, अपाङ्गता भएका व्यक्ति,लैङ्गिक तथा यौनिक अल्पसंख्यक एवं भौगोलिक कारणले पछि परेका वा पारिएका महिला, बालबालिका, दलित, आदिवासी, जनजाति, सीमान्कृत, मधेशी, मुस्लिम, ज्येष्ठनागरिक, सुकुम्बासी र दुर्गम क्षेत्रमा वसोवास गर्ने नागरिकलाई संझनु पर्दछ।

ण. **अल्पसंख्यकः** संख्याका आधारमा थोरै संख्या तर विविध पहिचान भएका जातीय, भाषिक र धार्मिक समूह सम्झनु पर्दछ र आफनै जातीय धार्मिक र भाषिक विशिष्टिता भएको त्यसलाई बचाई राख्ने आकाँक्षा रहेका विभेद र उत्पिडन भोगेका समूहलाई जनाउद छ ।

त. **समावेशी वजेटः** लक्षित वर्गको आवश्यकतालाई सहभागितामुलक तवरले सम्बोधन गरी समग्र विकास प्रक्रियामा लक्षित वर्ग प्रति उत्तरदायि बनाउने उद्वेश्यले तुर्जुमा गरिने नीति वजेट र कार्यक्रम सम्झनु पर्दछ ।

थ. **लैङ्गिक उत्तरदायि तथा सामाजिक समावेशी वजेटः** स्थानीय तहकोको योजना तर्जुमा गर्दा समाजमा रहेका विभिन्न जातजाति क्षेत्र बर्ग र समुदायका महिला,पुरुष, लैंगिक तथा यौनिक अल्पसंख्यक,अपाङ्गता भएका व्यक्ति बालबालिका तथा ज्येष्ठ नागरिकहरुको आवश्यकतालाई सहभागितामुलक तवरले सम्बोधन गर्दै समग्र विकास प्रक्रियालाई निज प्रति उत्तरदायि बनाउने उद्वेश्यले तर्जुमा गरिने नीति कार्यक्रम र वजेटलाई जाउनदछ ।

द. **लैंगिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण परीक्षणः** समाजमा रहेका विभिन्न जाति, क्षेत्र, वर्ग र समुदायका महिला र पुरुष वीचको भूमिका सम्बन्ध स्थान, स्तर, अवसर आदिको विश्लेषणबाट लैंगिक समानता तथा समावेशी विकास गर्न तय गरिएको नीति, बजेट तथा कार्यक्रम मार्फत तोकिएको उद्वेश्य हाशिल भए नभएको लेखाजोखा र परीक्षण गरी सुधारका उपाय पहिल्याउने सामाजिक जवाफदेहीताको विधि सम्झनु पर्दछ ।

ध. **सशक्तिकरणः** विकासका अवसरबाट बञ्चित स्रोत र साधानमा पहुँच तथा नियन्त्रणमा पछाडि परेका अशक्त वा कमजोर वर्गलाई सबल बनाउने कार्यलाई सम्झनु पर्दछ ।

न. **लैङ्गिक डेस्क तथा सम्पर्क व्यक्तिः** मेचीनगर नगरपालिकाको बालबालिका, महिला लैंगिक तथा यौनिक अल्पसंख्यक र सामाजिक सुरक्षा शाखा प्रमुख वा सम्पर्क व्यक्तिको जिम्मेवारी पाएको व्यक्ति सम्झनु पर्दछ ।

## १.६ मेचीनगर नगरपालिकाको संक्षिप्त परिचयः

मेचीनगर नगरपालिका कोशी प्रदेश अन्तर्गत झापा जिल्लामा पर्दछ। २०५३ सालमा मेचीनगर नगरपालिमा स्थापित भएको हो । संघीय संरचना पश्चात २०७३ साविकाका ज्यामिरगढी धाइजन बाहुनडाँगी र दुवागढी गाउँ विकास समावेश गराई हालको मेचीनगर नगगरपालिका बनेको थियो । मेचीनगर नगरपालिकामा १५ वडाहरु रहेका छन । मेचीनगर नगरपालिकाको १९२.८५ वर्ग कि.मि. क्षेत्रफल रहेको छ । मेचीनगर नगरपालिकाको पूर्वमा भारत र पश्चिममा झापा जिल्लाको अर्जुधारा र विर्तामोड नगरपालिकासग जोडएको छ । उत्तरमा बुद्धशान्ति गाउँपालिका र इलाम जिल्ला सम्म सिमाना रहेको छ। दक्षिणमा भद्रपुर नगरपालिकासम्म सिमाना फैलिएको छ। नगरपालिकामा महेन्द्र र मेची राजमार्गले छोएकोछ। मेचीनगर नगरपालिका सबै वडामा सडकको पहुँच रहेको छ ।

तराई भूभागमा रहेको मेचीनगर नगरपालिकाको अधिकाङ्श भूभाग कृषी क्षेत्रले ओगटेको छ। नगरपालिकामा धर्मका अनुयायीहरु जस्तै हिन्दु, बौद्ध र क्रिचियनहरुको बसोबास रहेको छ, जसले सर्वलैंगिक संस्कृति झल्काउद छ। यहाँको मुख्य भाषा भनेको नेपाली हो । दशैं, तिहार जस्ता राष्ट्रिय चाड पर्वका अलावा होली, गाइजात्रा, ल्होसार, ईद, माघे सक्रान्ती, जनै पुर्णिमा आदि जस्ता पर्वहरु मनाइन्छ ।

मेचीनगर नगरपालिकामा खेतीयोग्य उर्वर भूमिको साथै पशुपालन लगायत व्यापार व्यवशाय र उद्योगको प्रचुर सम्भावना रहेको छ । राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क अनसार ३२६९५ घरधुरी रहेको मेचीनगर नगरपालिकाको १५ वडामा महिला ६९०७२ र पुरुष ६४००१ समेत १३३०७३ जनसंख्या रहेको छ ।

## खण्ड दुईः वस्तुस्थिति विश्लेषण

### २ अवस्था विश्लेषण

झापा जिल्लामा अवस्थित मेचीनगर नगरपालिकाको अवस्थाको लेखाजोखा गर्दा लैङ्गिक समानता,अपाङ्गता मैत्री तथा सामाजिक समावेशीकरण रणनीतिको कार्यान्वयनमा ल्याउन सरल र सहजताका लागी निम्ति लैंगिक समानता,अपाङ्गता तथा सामाजिक समावेशीकरण रणनीति तयारका चरणमा मेचीनगर नगरपालिका वर्तमान अवस्थाको विश्लेषण गरिएको छः

*मेचीनगरपालिकावाट तयार गरिएका लैङ्गिक मैत्री ऐन नियम तथा कार्यक्रमः*

- नगरपालिकाको आवधिक योजना र वार्षिक नीति कार्यक्रम र बजेट २०८२।२०८३
- स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणाली २०८२
- सहकारी सञ्चालन अनुगमन तथा लेखा परीक्षण सम्बन्धी मापदण्ड २०८०
- विपद पूर्व तयारी तथा प्रतिकार्य योजना २०७९ र आप्तकालिन संचालन कार्यबिधि
- नगरस्तरीय दलित समन्वय समिति कार्यविधि २०८०
- सहिद वेपता र घाइते परिवार तथा दलित तथा विपन्न परिवारका विद्यार्थीका लागि सहिद विरने छात्रवृत्ति कोष कार्यविधि २०७५
- श्रमिक पञ्जीकरण तथा संचालन कार्यविधि २०७५
- स्थानीय विपद तथा जलवायु परिवर्तन उत्थानशिल योजना
- ज्येष्ठ नागरिक परिचय पत्र वितरण कार्यविधि २०७९
- अति विपन्न नागरिकका लागि खाध्यन्न वितरण कार्यविधि २०७५
- वातावरण तथा प्राकृतिक संरक्षण ऐन २०७७
- आकस्मिक नागरिक सहयोग कार्यान्वयन निर्देशिका २०७५
- युवा तथा खेलकुद विकास समिति नियमाली २०७४
- उर्जा नीति २०७७
- लैंगिक हिंशा निवारण कोष संचालन मापद्ण्ड २०८२
- लैंगिक हिंशा अन्यका लागि पुरुष संञ्जाल परिचालन कार्यविधि २०८२
- लैंगिक हिंशा रोकथाम तथा प्रतिकार्य मञ्च गठन तथा परिचालन कार्यविधि २०८२
- कार्यपालिकाद्धारा गरिएका निर्णयहरु
- लैंगिक समानता नीति २०७९ कोशी प्रदेश
- सामाजिक समावेशीकरण नीति २०७९ कोशी प्रदेश

### आर्थिक वर्ष २०८३।२०८४ को लैङ्गिक मैत्री नीतिहरुः

- रहरले काम गरी हासेर सेवा गरौ भन्ने भावना आत्मसाथ गरी कर्मचारी र नागरिकवीचको सम्बन्ध सुमधुर बनाइने नीतिलाई निरन्तरता दिइने छ ।

लैंगिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण रणनीति

- आधारभूत स्वास्थ्य सेवाको प्रभावकारीता वृद्धि र नागरिकको सहज पहुँच तथा गुणस्तरीय स्वास्थ सेवाको सुनिश्चतता गर्ने
- गरीवि न्यूनिकरणका लागि रोजगारी सृजना गर्ने
- लघु तथा साना उद्योगको स्थापना र विकास मार्फत स्व रोजगारी सृजना तथा सहकारी क्षेत्रको सुदृढिकरण गर्ने
- श्रमिकको पञ्जिकरण श्रमिकको सुरक्षा र श्रमिकको व्यवस्थापन ।
- लागू औषधको प्रयोग नियन्त्रणका लागि व्यापक सामाजिक परिचानल
- उपभोक्ता समिति मार्फत संचालित योजनाहरुमा लागत सहभागितामा प्राथमिकता दिइने छ।
- कर्मचारी जनप्रतिनीधि तथा समितिहरुलाई अधिकार प्रत्यायोजन गरिने छ ।
- विकास निर्माण कार्यको प्रभावकारी संचालन पूर्व जनप्रतिनीधि तथा कर्मचारीको क्षमता अभिवृद्धि गरिने छ ।
- सहिद परिवार, अपाङ्गता, दलित र विपन्न दलित छात्राको शिक्षामा पहुँत वढाउन छात्रवृत्ति प्रदान गरिने छ ।
- विद्यालयमा खानेपानी शौचालय व्यवस्थापन गरी सरफाई प्रबर्द्धन गरिने छ ।
- भौतिक संरचना बालमैत्री र अपाङ्गमैत्री तथा पहुँच योग्य बनाइने छ ।
- सामुदायिक विद्यालयको गुणस्तर वृद्धि गर्न शिक्षकको व्यवसायिक दक्षता अभिवृद्धि गरिने छ ।
- सामुदायिक विद्यालयलाई प्रविधिमैत्री वनाउन कम्प्युटर र पुस्तकालय व्यवस्थापन गरिनेछ।
- सर्वसुलभ गुणस्तरीय उपचार हाम्रो अधिकार आधारभुत स्वास्थ्य सेवाको व्यवस्थापनका लागि मेचीनगर आधारभूत अस्पताललाई पुर्वाधार जनशक्ति औषधि तथा प्रविधि सेवामा सुदृढिकरण गर्दै सवैवडामा गुणस्तरीय स्वास्थ्य सेवाको व्यवस्था मिलाईने छ ।
- क्यान्सर मुटु मृगौला प्रत्यायरोपण र मेरुदण्ड उपचारमा विपन्न नागरिकलाई स्वास्थ्य सहयोग गर्ने ।
- नागरिकको समृद्धिको आधार स्वास्थ्य नागरिक खुशी नागरिक अभियानलाई सफल पार्न र दिगो विकासका लक्ष्यहरु प्राप्तीका लागि लक्षित कार्यक्रमहरु
- लागुऔषध सेवन नियन्त्रण गरौं कुलतमुक्त समाज निर्माण गरौ भन्ने नारा सार्थक बनाउन संजाल गठन गर्ने ।
- मेचीनगरलाई क्षयरोगमुक्त बनाउने ।
- सम्पूर्ण नगरवासीको स्वास्थ्य परीक्षण गरिने छ ।
- गर्भवती तथा सुत्केरी महिलाको स्वास्थ्य प्रबर्द्धनका लागि विशेष कार्यक्रम संचालन गरिने छ।
- सुरक्षित प्रसुति आमा शिशुको जीवन रक्षा कार्यान्वयन गर्न आधारभूत अस्पतालमा सुरक्षित प्रसुति केन्द्रको सुदृढिकरण र विपन्न गर्भवति तथा सुत्केरी आमाहरुको सुपोषणका लागि पोषण प्याकेज वितरण कार्यक्रम सञ्चालन गर्ने ।
- युवाहरुका लागि रोजगार कार्यक्रम र सीप परीक्षण तथा वित्तीय संस्थाको समन्वयमा पुँजी व्यवस्थापनमा सहयोग गरिने छ ।

- लैंगिक विकास तथा सामाजिक समावेशीकरणको अवस्थालाई सुदृढ गरिने छ। साथै लैंगिक विकास तथा सामाजिक समावेशीकरण परीक्षणलाई निरन्तरता दिइने छ ।
- लैङ्गिक हिंसा  विरुद्धका अभियानलाई प्रभावकारीरुपमा संचानल गरिने छ ।
- अपाङ्गतामैत्रीनगर निर्माणका लागि विशेष प्रकारका कार्यक्रम सचालन गरिने छ ।
- महिला सीप विकास तालिम केन्द मार्फत महिलाहरुका लागि स्वरोजगार क्षेत्रको पहिचान गरी सीप विकास तथा प्रविधि हस्तान्तरण कार्यक्रम संचालन गरिने छ ।
- प्रदेशको साझेदारीमा अपाङ्गता भएका व्यक्तिहरुका लागि विशेष कार्यक्रम संचालन गरिने छ ।
- वैदेशिक रोजगारबाट फर्केकाहरुको अनुभव उपयोग हुने गरी स्वरोजगार हुने वातावरण तयार गरिने छ ।
- महिला शिप विकास केन्द्रमार्फत सीप विकास गरिनेछ ।
- आदिवासी जनजाती  सिमान्तकृत र दलित  तथा अल्पसंख्यक वर्गको क्षमता विकास अभिवृद्धि गरी भाषा धर्म तथा संस्कारको प्रबर्द्धन गर्ने ।
- नागरिकहरुको सूचनाको हकको सम्मान गर्दै नगरपालिकालाई सूचनामैत्री बनाइने छ।
- लैंगिक सामाजिक नीति र रणनीति तयार गरी कार्यान्वयमा ल्याइने छ ।
- विद्यालयस्तरका बालबालिकाहरुमा लैंगिक हिसा तथा यौन हिसा विरुद्ध सचेतनामूलक शिक्षा अभियान संचालन गरिने छ ।
- लैंगिक हिंसा प्रतिकार्य पहुँचको क्षेत्रमा संघीय सरकार दात्री निकाय र नगरपालिकाको साझेदारीमा कार्यक्रम संचानल गरिने छ ।
- नगरपालिका क्षेत्रभित्र हात्तीको कारण हुन सक्ने क्षतिलाई न्यूनिकरण गर्न हात्ती प्रभावित क्षेत्रमा बाली विमा कार्यक्रम  संचालन गरिने छ ।
- टोल विकास संस्था र गैरसरकारी संस्थाहरुको  परिचालन गरी प्लास्टिकमुक्त अभियान र घरेलु फोहोरमैला व्यवस्थापनका लागि सचेनामुलक कार्यक्रम संचालन गरिने छ ।
- विपद व्यवस्थापन प्रतिकार्य योजना तर्जुमा र विपद प्रभावित व्यक्तीहरुको  अल्पकालिन व्यवस्थापन केन्द्र संचालन गर्ने ।
- नगरपालिकाभित्र निर्माण गरिने भौतिक पुर्वाधारहरु अपाङ्गता वातावरण र लैङ्गिक मैत्री बनाईने छ ।
- न्याय सम्पादन प्रक्रियालाई व्यवस्थित र प्रभावकारी वनाउन मेलमिलापकर्ताको क्षमता विकास गरिनेछ ।
- संविधानमा व्यवस्था गरिएका नागरिकका हक अधिकारहरुका बारेमा टोल विकास संस्था पदाधिकारी  तथा विद्यार्थीहरुसंग अन्तरसम्वाद कार्यक्रम सचालन गरिने छ ।

लैङ्गिक समानता,अपाङ्गता तथा सामाजिक समावेशीकरण उन्मुख क्रियाकलापः

- सिंचाई मुहान मर्मत र जिवीगाउँ सिंचाई व्यवस्थान आईमन राइ सिचाइ
- लोकसेवा र शिक्षक सेवा आयोग तयारी कक्षा
- वि पि कोईराला र सहिद विरेन छात्रवृत्ति कार्यक्रम
- वडास्तरीय स्वास्थ्य संस्थामा चिकित्सक सेवा संचालन
- पोषण कार्यक्रम
- स्वास्थ्यकर्मी क्षमता विकास र महिला स्वास्थ्य स्वयंसेविका दिवश तथा स्वयंसेविका सम्मान
- गर्भवती सुत्केरी महिला पोषण कार्यक्रम
- बालबालिकाको लागि खेलकुद कार्यक्रम
- युवा उद्यम प्रोत्साहन कार्यक्रम
- नवप्रबर्तन र सृजनशिलका युवा उत्सव कार्यक्रम
- विपन्न घर स्वास्थ्य विमा कार्यक्रम
- विपन्न घर खानेपानी धारा जडान
- स्वास्थ्य चौकी ल्याव संचालन सामग्रीखरिद
- महिला बालबालिका स्वास्थ्य शिविर
- स्काउट गतिविधि संचालन
- अपाङ्गता अधिकार स्वास्थ्य शिक्षा सम्बन्धी जनचेतना कार्यक्रम
- लागु औषध सम्बन्धी  जनेचेतना कार्यक्रम
- महिला नौमति बाजा खरिद
- अपाङ्ग पुनःस्थापना केन्द्र
- जेष्ठ नागरिक महिला तथा बालबालिका सम्मान कार्यक्रम
- वातावरण संरक्षण तथा सरसफाई कार्यक्रम
- चिया मजुर र विपन्न परिवारका लागि स्वास्थ्य विमा कार्यक्रम
- टोल विकास संस्था टोल सक्तिकरण
- पलम्बर तथा इलेक्ट्रोनिक तालिम
- युवा तथा विद्यार्थीका लागि डिजिटल मार्केटिङ समबन्धी कम्प्युटर तालिम
- महिला सीप विकास तालिम
- लैंगिक हिंसा विरुद्धको १६ दिने अभियान
- विद्यालयसंग सम्बन्धित पुरुष संजाल अभिमूकरण
- लैसअसास र लैगिक उत्तरदायित्व समन्धी छलफल
- अपाङ्गता सम्बन्धी कार्यक्रम तथा ह्वीलचियर वितरण
- अटिजक भएका बालबालिका लागि अभिभावकलाई अनुशिक्षण  र बालबालिको थेरापी
- आदिवासी जनजाको  धर्म संस्बृतिबो संरक्षणका लागि सहित्यको लागि संक्षरण
- बाल विकास सहजकर्ता पारिश्रमिक व्यवस्था
- विद्याल भवन र शौचालय निर्माण
- असहाय र अभिभावक विहिन बालबालिकाको पहिचना तथा मानव सेवा आश्रमलाई सहयोग
- समाज सुधार युवा संघ युवा समिति तालिम
- जन्म मृत्यु संस्कार कार्यक्रम
- दौडिन्छ बाहुनडागी सन्देशमुलक कार्यक्रम
- किड्स साइकल दौड
- शैक्षिक सामग्री भम्रण तथा विद्यार्थी प्रतिभा
- अग्रानिक खेती विकास अभियान
- दलित महिला उत्थान कार्यक्रम
- दलित सिमान्तकृत अल्पसंख्यक  उत्थान कार्यक्रम
- महिला क्रिकेट प्रशिक्षण स्थल निर्माण
- योग शिविर संचालन
- बालबालिका क्षमता तथा सीप विकास कार्यक्रम
- बाल विकास सुधार कार्यक्रम
- सिल्पी उद्यम विकास तथा प्रबर्द्धन
- कक्षा ६ ७ र ८ का विद्यार्थीका लागि दिवा खाजा कार्यक्रम

| | |
|---|---|
| • अभिभावक जागरण तथा शैक्षिक गुणस्तर कार्यक्रम<br>• जेष्ठ नागरिक तथा एकल महिला भ्रमण<br>• जनप्रतिनीधी कर्मचारी अवलोकलन भम्रण<br>• बजार क्षेत्रमा सिसि क्यामरा जडान<br>• आदिबासी जनजाति अल्पसंख्यक लोपोउन्मुख सिमान्तकृत  सांस्कृतिक भेषभुषा<br>• वडा युवा लक्षित कार्यक्रम<br>• युवालाई कम्प्युटर तालिम<br>• एकल महिला सशक्तिकरण कार्यक्रम<br>• नारी दिवश सीपमुलक कार्यक्रम<br>• लागु औषध विरुद्ध सचेतनामुलक कार्यक्रम<br>• महिला हिंशा सचेतनामुलक कार्यक्रम<br>• युवाहरुलाई ड्राईभिङ तालिम<br>• दलित समुदायका लागि पञ्चेबाजा खरिद र प्रशिक्षण<br>• राजवंशी विस्वा महिला  कार्यक्रम<br>• सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीलाई पोशाक<br>• ७५ वर्ष माथिका जेष्ठ नागरिक सम्मान कार्यक्रम<br>• किर्तनमण्डली बाजा खरिद<br>• महिला क्षमता विकास तथा सशक्तिकरण कार्यक्रम<br>• सुरक्षित आवास कार्यक्रम<br>• जनजाति आदिवासी लक्षित कार्यक्रम<br>• दलित उत्थान कार्यक्रम<br>• नेतृत्व विकास तालिम<br>• गरीव विपन्नका लागि एम्वुलेन्स सेवा<br>• टोलटोलमा डस्विन वितरण र फोहोर व्यवस्थापन | • ढाका बुनाई तान खरिद<br>• कृषी औजार धान मैकै विउँ खरिदमा अनुदान सहयोग<br>• विद्यार्थी पोशाक र अतिरिक्त कार्यक्रम<br>• आदिबासी जनजाति अल्पसंख्यक लोपोउन्मुख सिमान्तकृत  सांस्कृतिक भेषभुषा<br>• वडा युवा लक्षित कार्यक्रम<br>• युवालाई कम्प्युटर तालिम<br>• एकल महिला सशक्तिकरण कार्यक्रम<br>• नारी दिवश सीपमुलक कार्यक्रम<br>• लागु औषध विरुद्ध सचेतनामुलक कार्यक्रम<br>• महिला हिंशा सचेतनामुलक कार्यक्रम<br>• युवाहरुलाई ड्राईभिङ तालिम<br>• दलित समुदायका लागि पञ्चेबाजा खरिद र प्रशिक्षण<br>• राजवंशी विस्वा महिला कार्यक्रम<br>• सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीलाई पोशाक<br>• ७५ वर्ष माथिका जेष्ठ नागरिक सम्मान कार्यक्रम<br>• किर्तनमण्डली बाजा खरिद<br>• महिला क्षमता विकास तथा सशक्तिकरण कार्यक्रम<br>• सुरक्षित आवास कार्यक्रम<br>• कृषि तथा भेटनरी तालिम<br>• सामुदायिक फोहोर  वर्गिकरण तालिम र सचेतना कार्यक्रम सचालन<br>• जेष्ठनागरिक चौतारा निर्माण र अपाङ्ग सहयोग कार्यक्रम<br>• बाली विमा कार्यक्रम र बजार अनुगमन |

## २.१ SWOT विश्लेषण

लैंगिक समानता, अपांगता तथा सामाजिक समावेशीकरण रणनीति

मेचीनगर नगरपालिकाको लैसअसास दृष्टिकोर्णबाट सबल पक्षहरू,पक्षहरू, अवसर र चुनौति (SWOT) को आँकलन गरिएको छ । विश्लेषणमा ऐन नियम नीतिमा समावेशीता संस्थागत व्यवस्था समावेशीता मानव संसाधान तथा क्षमता विकासमा समावेशीता सेवाप्रवाहमा सेमावेशीता र सुशानस तथा उत्तरदायित्व क्षेत्रको विश्लेषण गरिएको छ। विश्लेषणको नतिजना निम्नानुसार प्रस्तुत गरिएको छ

| सबल पक्षहरू |
|---|
| • नगरपालिकाका सवै क्रियाकलापहरुमा सवै नागरिक अपाङ्गता ज्येष्ठ नागरिक महिला र हिंसा पीडित वर्गको पहुँ कानून, योजना कानूनी दस्तावेज राजपत्रमा प्रकाशन वेभसाइटमा राख्नु ।<br>• वार्षिक नीति वजेट कार्यक्रमहरुमा महिला बालबालिका अपाङ्गता ज्येष्ठ नागरिक लैङ्गिक हिंसा पीडित लैङ्गिक तथा यौनिक अल्पसंख्यक पछाडि पारिएका वर्गमा लाभ पुग्ने कार्यक्रमको व्यवस्था भई कार्यान्वयन हुनु।<br>• पञ्जीकरण तथा सामाजिक गतिविधिहरुको अभिलेख अध्यावधिक भई सामाजिक सुरक्षाका कार्यहरु सञ्चालनमा रहनु ।<br>• नगरपालिकास्तरमा न्युक्ति हुने पदहरुमा समावेशी पदपूर्तिको गर्ने नीति रहनु ।<br>• संगठनात्मक संरचना विपद् व्यवस्थापन कार्यविघि बनाई कार्य सञ्चालनमा आउनु।<br>• अधिकार विहिन र सेवा तथा अवसरबाट वञ्चित वर्गको क्षमता विकास र सशक्तिकरणका लागि लैङ्गिक हिंसा रोकथाप तथा प्रतिकार्यका निम्त्ति एकिकृत सेवा पहुँच परियोजना कार्यक्रम संचालन हुनु।<br>• स्वास्थ्य विमा कार्यक्रम सञ्चालन गरिएको र विपन्न वर्गका लागि सहुलियतमा विमा गरिनु ।<br>• नगरपालिकामा बन्ने र बनेका समितिहरुमा महिला र लक्षित वर्गको सहभागिता सुनिश्चित गरिएको ।<br>• अनुगमन समिति टोल विकास संस्था र उपभोक्ता समितिहरुमा महिला जनजाति पछाडि पारिएको वर्गको सहभागिता गरिनु ।<br>• स्वास्थ्य सम्बन्धी कार्यक्रम संचालनमा आउनु<br>• विद्यालय भर्ना अभियान तथा खाजाको व्यवस्था हुनु<br>• लक्षित समूह र वर्गका लागि प्रत्यक्ष फाइदा पुग्ने कार्यक्रम व्यवस्थापन हुनु<br>• उपभोक्ता समिति गठन सम्बन्धि कानूनको व्यवस्<br>• महिला तथा बन्चितिमा परेका समुदाय उपर विभेद सुनुवाइ हुने गरेको लैससास नीति निर्माण गरिएको<br>• महिला पुरुष एवं नगरपालिकामा रहेका श्रमिकको पञ्जिकरण र वैदेशिक रोजगारीमा जाने र वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुको क्षमता विकास तथा सीप हस्तान्तरण र प्रयोगमा ल्याउनु ।<br>• कार्यपालिका र वडा समितिमा तहमा महिला र लक्षित समुहको सहभागीता हुनु ।<br>• मेचीनगर नगरपालिकामा रहेका जनशक्तिहरुमा ३३ प्रतिशत माथि महिला र लक्षित वर्गको प्रतिनीधीत्व हुन र सरकारी सेवामा लक्षित वर्गको सहभागिता वृद्धि गराउन लोक सेवा तयारी कक्षा सञ्चालनमा आउनु ।<br>• पछाडि पारिएका लक्षित वर्गहरुका सशक्तिकरण र आय आर्जनका क्रियाकलाप संचालनमा आउनु । |

- महिला बालबालिका लैङ्गिक तथा यौनिक अल्पसंख्यक र सामाजिक सुरक्षा शाखा मार्फत लैङ्गिक डेस्क सञ्चालनमा आउनु ।
- महिला लक्षित वर्ग र हिंसा पीडितहरुका समयमा उद्धार गरी मानवीय जोखिममा कमी ल्याउन हटलाइनको व्यवस्था हुनु ।
- लैङ्गिक हिंसा निवारण कोष र विपद व्यवस्थापन कोष स्थापना भई कार्यान्वयनमा हुदै आएको ।
- जनप्रतिनीधि र कर्मचारीहरुको क्षमता विकास भई लैंगिक समावेशीका सवालमा सम्वेदनशिल भई कार्य गर्नु ।
- जनप्रतिनीधि र कर्मचारीहरुले पालना गर्ने आचार संहिता र कार्यस्थलमा हुन सक्ने यौनदुर्व्यवहार जन्य घटना न्यूनिकरणका लागि आचार संहिता तयार गरी लागु गरिनु ।
- नगरपालिकामा हुने सक्ने परंपरागत गलत मान्यता र कुरीति विसैगति (हिंसा छुवाछुत भेदभाव र बालविवाह ) हटाउन सचेतनामुलक अभियान सञ्चालनमा आउनु ।
- नगरपालिकामा कानुनी हक अधिकार र मानव वेचविखन लागु औषध दुर्व्यसन सम्बन्धी अनुशिक्षण सञ्चालनमा ल्याउनु ।
- जातजातती, बर्गीय र लैङ्गिक अन्तरवीच हुन सक्ने विभेदमा कमी ल्याउन पुरुष सञ्जाल र लैङ्गिक हिंसा प्रतिकार्य मञ्च स्थापना गरी परिचालन हुनु ।
- नगरपालिकाभित्र निर्माण हुने भौतिक संरचना पहुँचयोग्य बनाउदै लैजान नीतिको कार्यान्वयनमा सुरुवात हुनु ।
- विद्यालयमा किशोरीहरुका लागि आइरन चक्की र सेनिटरी प्याड तथा सावुन पानीको व्यवस्था हुनु।
- नवदम्पतीहरुलाई शुभकामना कार्ड फलिक एसिड खुवाउन र गर्भावस्था देखी नै प्रजनन स्वास्थ्यको जानकारी तथा सुरक्षित मातृशिशु कार्यक्रम संचालन हुनु ।
- महिला तथा लक्षित समूहको स्वरोजगारीका लागि गरीवि निवारणका लागि लघुउद्यम विकास कार्यक्रम सञ्चालन हुनु ।
- लैङ्गिक हिंसा र घरेलु हिंसा शोषण दुर्व्यवहार पीडितहरुको लागि मेलमिलाप कर्ता र न्यायिक समितिद्वारा निशुल्क कानुनी न्याय सेवा प्रदान गरिनु ।
- तीनै तहको सरकारवीच सहकारीता समन्वय र सहअस्तित्वमा नागरिकको हितका लागि कार्यक्रम सञ्चालनमा आउनु ।
- सामाजिक जवाफदेहीताका औजारको प्रयोगमा ल्याउनु कार्यदलबाट निर्णय गरि सेवा प्रवाह, विकास निर्माण र सुशासन प्रवर्धन
- सूचना अधिकारीको व्यवस्था र नगरपालिकाका सुचना सार्वजनिक गर्ने गरीएको ।

**सुधारात्मक पक्ष**

- स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीहरुको आचार संहिताको पूर्णरुपमा कार्यान्वयन गर्नु पर्ने ।
- दिगो विकास लक्ष्यको स्थानीयकरण गरी लैङ्गिक समानता सम्बोधन हुने कार्यक्रम निर्माण।

- कानुन निर्माण प्रक्रियाको बारेमा जनप्रतिनीधि तथा कर्मचारीहरुलाई अभिमूखिकरण गर्नु पर्ने।
- लैङ्गिक समानता अपाङ्ग मैत्री सामाजिक समावेशी नीति र लैसअसा रणनीति तयार गर्नु पर्ने।
- दिगो विकासको पाँचौ लक्ष्य स्थानीयकरण गरी सो लक्ष्य र उद्वेश्य केन्द्रित वजेट तथा कार्यक्रम तयार गर्नु पर्ने ।
- लैंगिक उत्तरदायि बजेट निर्माण तथा उत्तरदायि वजेट परीक्षण गर्नु पर्ने ।
- लैसअसास परीक्षणबाट आएका सुधारात्मक क्रियाकलाप तथा कार्ययोजनाको कार्यान्वयनमा ल्याउनु ।
- लैगिक लक्षित बजेट निर्धारण र लक्षित समुहको अवस्था सुधार गर्न निश्चित वजेट छुटियाउनु पर्ने
- सामाजि जवाफदेहीताका औजारहरुको नियमित प्रयोग र लक्षित समुहको अधिकतम सहभागिकाता सुनिश्चत गर्नु पर्ने ।
- वस्ती र वडाबाट लक्षित वर्गसंग छलफल गरी अलग्गै माग संकलन गर्नु पर्ने
- लैसअसास कार्यान्वयन समितिको नियमित वैठक र बञ्चितिकरणका सवाल सम्बोधनमा सक्रियता बढाउन पर्ने ।
- नगरपालिकाले लैसअसास डेस्क व्यवसंथापन र संचालनका लागि जिम्मेवार व्यक्तिको क्षमता विकास (बजेट, कार्यक्रम सहित कार्यविवरण बनाउनु पर्ने)
- प्रचलित कानून, ऐन नियम र कार्यविघिहरुको सम्वन्धमा लक्षित वर्ग र समूहहरुलाई अभिमूखिकरण कार्यक्रम सञ्चालन तथा समिक्षा गर्नु पर्ने
- मानव संसाधन शाखा निर्माण गर्नु पर्ने सार्वजनिक भवनहरु बालमैत्री, अपांगमैत्री हुनुपर्छ सोचको विकास गर्नु पर्ने ।
- निरक्षर महिला र नागरिक शिक्षाका लागि अनैपचारिक शिक्षा कार्यक्रम संचालन गर्नु पर्ने ।
- लक्षित वर्गको सीपमा क्षमता वृद्धि भई उत्पादित वस्तुको विक्रयकला र बजारको व्यवस्थापन गर्नु पर्ने
- सुधारीएको चुल्हो प्रवर्द्धन गरी वातावरणमैत्री र बालमैत्री स्थानीय शासन अभियान सम्बन्धी कार्यक्रम सञ्चालन गर्नु पर्ने।
- लैसअसासका निकायहरुबीच सञ्जाल निर्माण र बहिष्करणमा परेका वर्गहरुको मुलप्रवाहीकरणका लागि वहस पैरवी अभियान सञ्चालन गरी नागरिक दवावको वातावरण तयार गर्नु पर्ने ।
- लैसअसास सम्बन्धी सन्धी तथा प्रतिवद्दताहरुको क्षेत्रमा तोकेर कार्यक्रम गर्नु पर्ने ।
- नगरपालिकाद्धारा तयार गरीएका ऐन, नियम, निर्देशिका र कार्यविधिहरुको कार्यान्वयनमा ल्याउनु पर्ने ।
- नगरपालिका र वडाका पेजहरुमा लैंगिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण सम्बन्धी सूचना र सन्देमुलक श्रव्य दृश्य सामग्रीहरु प्रशारण गर्नु पर्नु।
- कार्यदलबाट निर्णय गरी सेवा प्रवाह, विकास निर्माण र सुशासन प्रवर्द्धन गर्नु पर्ने ।
- क्षतिपूर्ती सहितको नागरिक वडापत्र पत्र प्रकाशनमा ल्याउनु पर्ने ।

| अवसर |
| --- |
| • मेचीनगर नगरपालिकाभित्रको भुगोल, जातजाति ,धर्म संस्कृतिमा रहेको विविधताको संरक्षण गरी सामाजिक सद्भाव कायय गराउन सामाजिक समावेशी रणनीति अवसर वन्न सक्छ । <br>• विविध नीति, कानूनी, नियम बनाउने अधिकार प्राप्त स्थानीय तहलाई हुनु । <br>• महिला पुरुष लगायत लैंगिक र यौनिक अल्पसंख्यकहरुको समविकास गर्ने नीति हुनु। <br>• समान कामको समान ज्याला वा दाम पाउने अवस्थाका लागि प्रभावकारी कार्यान्वयन गरी समतामुलक नगर बनाउन र उदाहरणीय वनाउनु । <br>• ऐन नियम निर्देशिका कार्यविधिहरुको पालना मार्फत सुशासनयुक्त समाज निर्माणको जग वसाल्न । <br>• नगरपालिकाभित्र निर्माण भएका संरचनाहरु सवैका लागि र सधैका लागि बन्नु । <br>• संस्थागत सुदृढिकरण लैङ्गिक हिंसा न्यूनीकरण र पीडितको संरक्षण तथा सहयोग हुनु। <br>• नगरपालिकाको सामाजिक शैक्षिक आर्थिक राजनीतिक पक्षमा सन्तुलित लगानी र दिगो विकास गर्ने पद्धतिको विकास हुनु । <br>• विकाससंग अन्तरसम्बन्धीत पक्षहरुको विकास हुनु । <br>• संघीय तहमा लैससास स्थापित गर्न आवश्यक संविधान, नीति, कानुनको नागरिकहरुमा जानकारी भई पालना तर्फ उन्मुख हुदै जाने अवस्था सृजना । <br>• प्रदेश सरकार तथा संघीय सरकारले क्षमता विकास सम्बन्धि कार्यक्रमहरु संचालनमा रहनु लैङ्गिक हिंसा न्यूनीकरण भई हिंसामुक्त नगरपालिका घोषणा गर्ने । <br>• प्रदेश सरकार तथा संघीय सरकारले क्षमता विकास सम्बन्धि कार्यक्रमहरु संचालनमा रहनु प्रजनन स्वस्थ्य कार्यक्रम प्रभावकारी सञ्चालन हुनु । <br>• लैससासका सरोकारवाला निकायहरुबीच सञ्जाल निर्माण गरी सहकार्य तथा लक्षित वर्ग र समूहको सवालको सम्बोधन हुदै जानु । <br>• नैतिक व्यवहारिक र कृषि तथा प्रविधि लगायतका जीवनउपयोगी शिक्षा प्रदान गरी दक्ष जनशक्तीको संख्यामा वृद्धि हुनु । <br>• संविधान ऐन नियम र अन्तराष्ट्रिय शन्धि संझौतामा तयार गरिएका प्रतिबद्धताहरुले प्राथमिकतामा राखेका वर्गहरुको अधिकार सुनिश्चित हुनु । <br>• सेवा सुविधा र अधिकारबाट पछाडि पारिएका वर्गहरुको क्षमता विकास र सशक्तिकरण भई सामाजिक असमानतामा कमी हुनु । |

| चुनौती |
| --- |
| • लक्षित समुदायको छुट्टै योजना नछानीनु र निश्चित प्रतिशत वजेट विनियोजन नगरिनु |

- योजना पुर्व लैङ्गिक तथा यौनिक अल्पसंख्यकको सहभागिता हुन नसक्नु क्षमता विकास र मुलप्रवाहीकरण कार्यक्रममा यथेष्ट बजेट र कार्यक्रम सञ्चालनमा स्रोतको कमी ।
- छुवाछुत, सामाजिक सोच, लैङ्गिक भेदभाव र असमानतालाई निर्मुल गर्न पहुँच र नियन्त्रण निर्णयको हैसियत पुरुषमा रहने सोचमा परिवर्तन गर्न समय लाग्नु ।
- लक्षित समूहको लागि आयआर्जन र क्षमता विकासका अवसरको सदुपयोगका लागि घरायसी कार्यवोझ सवालका रुपमा रहनु ।
- तालिमहरुमा आवश्यकताको आधारमा सहभागी छनौट गर्न नसक्नु र जीवन्त सहभागिता हुनु नस्कनु ।
- दक्ष जनशक्तिको सही परिचालन गर्नु लैसअसास लक्षित वर्गलाई योजना तर्जुमाका प्रयामा सक्रिय सहभागी हुन उत्प्रेरणमा कमी।
- लक्षित वर्ग समुदायको आवश्यकता पहिचान समाधानका उपयुक्त विकल्प खोज्न सही प्रयास नहुनु।
- सहभागितामूक योजना तर्जुमाका सात चरणका २४ काम अनुसार योजना छनौटका कार्यहरु हुन नसकी लक्षित वर्ग र समुदायकका सवालहरु पहिचान र सम्बोधन नहुनु।
- सेवा अवसरवाट वञ्चितीकरणमा पारिएका वर्गहरुलाई मुलप्रवाहीकरण गर्ने ऐन नियमहरुको कार्यान्वयन नहुनु ।
- कार्यक्रमहरु वास्तविक सरोकारवाला सम्म पुरियाउनु नसक्नु लक्षित वर्ग स्वयंमा चासो कम हुनु।
- भौगोलिक विकटता र पारिवारिक कलह तथा युवाशक्ती विदेश पलायन ।
- नागरिकका हक अधिकार र अवसरहरुवारे वेवास्ता गर्ने र निराशावादी हुनु ।
- प्राकृतिक विपत्ति र जंगली जनावरको त्रास तथा सामाजिक सञ्जालको दुरुपयोग वा नकारात्मक प्रभाव हुनु ।

लैंगिक समानता, अपांगता

## २.२ सरोकारवालाको पहिचानः

मेचीनगर नगरपालिका क्षेत्रभित्र लैङ्गिक समानता,अपाङ्गता तथा सामाजिक समावेशीकरण रणनीति कार्यान्वयनमा ल्याउन निम्नानुसारका सरोकारवालाहरु पहिचान गरिएको छ। सरोकारवालाहरुको भूमिकाका आधारमा तीन वर्गमा विभाजन गरी प्रस्तुग गरिएको छः

| प्रत्यक्ष सम्पर्क हुने (पहिलो सरोकारवालहरु ) | दोस्रो माध्यमबाट सम्पर्क हुने (द्वितिय सरोकारवालहरु ) | अप्रत्यक्षरुपमा सम्पर्क हुने (तृतिय सरोकारवालहरु ) |
|---|---|---|
| महिला बालिका शाखा | विकास साझेदार | मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय कोशी प्रदेश |
| योजना तथा प्राबिधिक शाखा | सहकारी संस्थाहरु | कोशी प्रदेशका सवै मन्त्रालयहरु |
| शिक्षा शाखा | वैंक तथा वित्तीय संस्थाहरु | प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान |
| स्वास्थ्य शाखा | उद्योगी तथा व्यवसायहरु | भूमि व्यवस्था आयोग |
| प्रशासन शाखा | बाल क्लव र बाल सञ्जाल | संघीय मन्त्रालयहरु |
| वडा कार्यालयहरु | टोल विकास संस्था<br>आमा समूह | महिला आयोग |
| नगर कार्यपालिका | उद्योग बाणिज्य संघ र होटल तथा यातायात व्यवसायी | दलित आयोग |
| नगर सभा | विद्यालयहरु | मुस्लिम आयोग |
| न्यायिक समिति | गैरसरकारी संस्था | राष्ट्रिय योजना आयोग |
| विषयगत समितिहरु | राजनैतिक दलहरु | मानव अधिकार आयोग |
| रोजगार सेवा केन्द्र | संचार माध्यम | अन्तराष्ट्रिय दातृ निकाय |
| वैदेशिक रोजकार शाखा | टोल विकास संस्था | राष्ट्रियस्तरका संचार माध्यमहरु |
| कृषि तथा पशुपञ्छी शाखा | जिल्ला प्रशान कार्यालय र सुरक्षा निकाय | |
| स्थानीय बाल अधिकार समिति | पुरुष संजाल | |
| लैसअसास कार्यान्वय सहजीकरण समिति | महिल मनोविमर्शकर्ताहरु<br>महिला स्वास्थ्य स्वयं सेविका | |
| मेलमिलाप केन्द्र<br>लैंगिक हिंसा प्रतिकार्य मञ्च | माइतीनेपाल,आफन्त नेपाल<br>आमा समूह | |

२.३ **लक्षित वर्ग र सवाल** लैङ्गिक समानता,अपाङ्गता तथा सामाजिक समावेशीकरण रणनीतिको प्रमुख लक्ष्य नै नगरपालिकामा रहेका लक्षितवर्गलाई विकासको मुलधारमा ल्याई उनिहरुको सम्मानित जिवन यापनमा सहज वातावरण सृजना गर्नु हो । मेचीनगर नगरपालिकामा सामाजिक आर्थिक र राजनीतिक रुपमा पछाडि परी अधिकार विहिन नागरिहरु नै लक्षित वर्गमा रहेका छन। नगरपालिमा रहेका लक्षितवर्ग निम्नानुसार प्रस्तुत गरिएको छः

| | |
|---|---|
| • महिला | • बालबालिका |
| • एकल महिला | • जेष्ठ नागरिक |
| • आदिवासी जनजाति | • अपाङ्गता भएका व्यक्ति |
| • दलित | • मजदुर |
| • सीमान्तकृत | • गरिव विपन्न |
| • द्वन्द्व पीडित | • सुकुम्बासी |
| • लैङ्गिक तथा यौनिक अल्पसंख्यक | • किसान |
| • मधेशी | • सिमान्तकृत |
| | • मजदुर (होटल व्यवसाय, चिया यातायात,इटाभट्टा र निर्माण) |

उपयुक्त विश्लेषणबाट मेचीनगर नगरपालिकाको वर्तमान अवस्थामा रहेका सवल पक्ष कमजोर पक्ष अवसर तथा चुनौतीसंगसंगै लैगिक समानता तथा सामाजिक समावेशीकरण रणनीति कार्यान्वयनका लागि तीनै तहका सरोकारवालाहरु र लक्षित वर्गहरुको एकिन गरिएको छ । मेचीनगर नगरपालिकामा रहेका लिम्वु, राई, तामाङ, गुरुङ, भुजेल, श्रेष्ठ, मेचे, संथाल र मुस्लिम तथा दलित जातिहरु मुख्य लक्षित वर्गमा पर्दछन । नगरपालिकासंग सवल पक्ष र अवसरको सहि सदुपयोग गरी लैंगिक समानता,अपाङ्गता तथा सामाजिक समावेशीकरणका सवाललाई संस्थागत गर्दै लैजान सकिन्छ।

**लक्षित वर्गका सवालहरुः**

| मुख्य लक्षित वर्ग | सवाल |
|---|---|
| सुकुम्बासी | • स्थायी वसोबास व्यवस्था नहुनु<br>• सामाजिक सम्मान र न्याय पाउन नसक्नु<br>• पट्टक पट्टक भुमि आयोग बने पनि समस्या सम्बोधन हुन ढिलाई भई अन्योलता वढनु |
| मजदुर | • पेशाको सम्मान र उचित ज्याला नहुनु<br>• जोखिम बढी हुनु<br>• काम र ज्यालामा विभेद हुनु<br>दुर्घटना र जोखिमको लागि व्यवस्था नहुनु |

लैंगिक समानता तथा सामाजिक समावेशीकरण रणनीति

| | |
|---|---|
| आदीवासी जनजाति | • आधुनिकताको नाममा परंपरगत मूल्य मान्यता लोप हुदै जानु<br>• राम्रा पक्षको पुस्ता हस्तान्तरण र संरक्षणमा कमी |
| द्वन्द्व पीडित | • सामाजिक सम्मान पाउन नसक्नु<br>• न्यायिक कार्यसम्पादन ढिलो हुनु<br>• अवसर र रोजगारीको उचित प्रवन्ध भई नसक्नु |
| कृषक | • उत्पादन लागत भन्दा कम बजार मूल्य हुनु<br>• बिचौलियाको हावी हुनु<br>• वास्तविक कृषकको समस्या सम्वोधन हुन नसक्नु<br>• कृषि पेशामा नैरास्य भई युवा विदेश पलायन<br>• कृषकको सही सम्मान हुन नसक्नु |
| अल्पसंख्यक | • अर्थपूर्ण सहभागिता हुन नसक्नु<br>• सामाजिक राजनीतिकमा पहुँच कमी<br>• भाषा कला र संस्कृतिको प्रवर्धन नहुनु |
| विपन्न वर्ग वा समुदाय | • दैनीक जिवन यापन असहज<br>• सीप विकास र रोजकारीका अवसरको कमी<br>• सामाजिक रुपमा पछाडि पारिनु<br>• उच्च शिक्षाको अवसरबाट वञ्चितिकरणमा पर्नु<br>• सामाजिक आर्थिक र राजनीतिक रुपमा कमजोर प्रतिनीधित्व हुनु<br>• विपन्नमैत्री कानुन र सेवा सुविधाको पर्याप्त सूचना पाउन नसक्नु |
| लैङ्गिक हिंसाबाट प्रभावित तथा यौनिक तथा अल्पसंख्यक | • सामाजिक रुपमा खुल्न नसक्नु<br>• अवसर सीमितता<br>• विभेद हुनु<br>• सम्मानमा ठेस |
| जेष्ठ नागरिक | • पारिवारिक माया ममता र उचित स्याहारमा कमी<br>• पर्याप्त सूचनाको कमी<br>• घरपरिवारका सदस्यहरुबाट उचित संरक्षकत्वको कमी<br>• यातायात र स्वास्थ्य अवसर लिन कठिनायी<br>• छोरीछोराहरु वैदेशिक पलायनका वुढेसकालको जिवन जिउन कठिनायी |
| अपाङ्गता भएका व्यक्ति | • रोजगारीमा कम पहुँच<br>• अपहेलना अपमानजनक व्यववहार तथा यौनजन्य व्यवहार तथा यौनजन्य दुर्व्यवहारबाट पीडित हुनु<br>• शारीरिक तथा मानसिक समस्या हुनु<br>• पहुँच योग्य संरचनाहरु कम हुनु |

लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण रणनीति

| | |
|---|---|
| | • उचित शिक्षाको कमी<br>• अवसरबाट वञ्चित भई सार्वजनिक सेवा सुबिधा र अवसरवाट पछाडि पर्नु |
| दलित | • भेदभाव र छुवाछुत रहनु<br>• दलित र गैरदलितवीचको विवाहलाई सर्वस्वीकार्य भई नसक्नु<br>• नेतृत्वमा कम सहभागिता हुनु र क्षमता विकास नहुनु<br>• सहभागि गरीए पनि सहभागिताको वातावरण स्थापित हनु नसक्नु<br>• दलित दलितभित्रै विभेदका घटना कायमै हुनु<br>• आ आफनो अधिकार र कर्तव्यको पर्याप्त सूचना नपाउनु |
| बालबालिकाहरु | • बालबालिकामा हिंसा कुटपिट दुर्व्यवहार हुनु<br>• बालबालिकाका आधारभूत आवश्यकक्ता सवैले नपाउनु<br>• आधारभूत तह सम्मको शिक्षा लिनबाट बालबालिका पछि पर्नु<br>• बाल विवाह हुनु<br>• बालबालिकाको संरक्षण गर्ने कानुनहरुको बारेमा जानकारी हुन नस्कनु<br>• बालबालिकाको संरक्षणमा समुदायको ऐक्यब्धता हुन नसक्नु |
| महिला र एकल महिला | • शिक्षामा समान शिक्षा नहुनु<br>• घरायसी काममा कार्यबोझ<br>• आर्थिक र साजिक क्षेत्रमा पहुँच नियन्त्रण कमी<br>• सार्वजनिक निकायहरुमा लैंगिकमैत्री व्यवहार नहुनु<br>• लैङ्गिक र सामाजिक रुपमा विभेद उपेक्षा तथा उपेक्षा हुनु<br>• घरेलु हिंसा र दुर्व्यवहार तथा गलत संस्कारको प्रभाव<br>• नीति निमार्ण तहमा नेतृत्व र सहभागिता कम रहनु<br>• महिला हक अधिकारको पुर्ण जानकारी हनु नस्नु ।<br>• स्थानीय स्रोतमाथि पहुच र नियन्त्रणमा कमी रहनु<br>• योजना तुर्जूमा प्रक्रियामा जीवन्त सहभागिता हुन नसक्नु<br>• गर्भावस्थामा आवश्यक आराम पोषीलो खानेकुरा खान नपाउनु ।<br>• पारिवारिक मायाँ ममता कमैले मात्र पाउनु<br>• आय आर्जनका कामका नाममा महिला थप कार्यववोझ |

लैंगिक समानता, आर्थिक तथा सामाजिक समावेशीकरण रणनीति

## खण्ड तीनः

## लैङ्गिक समानता अपाङ्गता मैत्री तथा सामाजिक समावेशीकरण रणनीति

### ३.१ दीर्घकालिन सोचः

लैङ्गिक, जातीय र क्षेत्रीय भेदभावमुक्त समावेशी, समतामुलक तथा समृद्ध न्यायपूर्ण समाज निर्माण गर्ने ।

### ३.२ ध्येयः

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धि विद्यमान मुल्यमायन्यता, संस्कार र व्यवहारमा परिवर्तन ल्याउदै र सार्वजनिक जीवनमा जात वर्ग, क्षेत्र र लिङ्गका आधारमा हुने सबैखाले विभेदको अन्त्य गर्ने ।

### ३.३ लक्ष्यः

समन्यायिक र समतामुलक विकासको माध्यमवाट विहिष्करण र उपेक्षामा परेका तथा अधिकार विहिन वर्गलाई विकासको मुलप्रवाहमा ल्याउने ।

### ३.४ उदेश्य

मेचीनगर नगरपालिकाको विकास, सेवा प्रवाह तथा प्रशासनिक प्रक्रिया लैङ्गिक समानता,अपाङ्गता तथा सामाजिक समावेशीकरण मान्यतालाई आत्मसाथ गरी वञ्चितिकरण/ वहिष्करणमा परेका र पारिएका सम्पूर्ण लक्षित वर्गको मुलप्रवाहीकरण गर्दै लक्षित नागरिकको स्वतन्त्र रुपमा समानीत जीवन यापन गर्न पाउने वातावरण सृजना गर्ने रणनीतिको मुख्य उद्धेश्य रहेको छः

३.४.१ संविधान, ऐन, नीति र लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण सम्बन्धी राष्ट्रिय र अन्तराष्ट्रिय सन्धीसंझौता तथा प्रतिवद्धताको कार्यान्वयन र सशक्तिकरणबाट समावेशीता सुनिश्चिताता गरी वहिस्कृत गरी मुलप्रवाहीकरण गर्ने ।

३.४.२ लैङ्गिक उत्तरदायि वजेट निर्माण प्रक्रियामा लक्षित वर्गको सार्थक सहभागिता अभिवृद्धि मार्फत लैंगिक उत्तरदायि नीति, वजेट निर्माण र कार्यान्वयन गर्ने पद्धति कायय गरी सुशासन प्रवर्द्धन गर्ने।

३.४.३ मेचीनगर नगरपालिका र सेवाप्रबाह गर्ने निकायहरुमा पछाडि पारिएको लक्षित वर्ग तथा समुदायहरुई मुलप्रवाहीकरण मार्फत क्षमता विकास तथा सशक्तीकरण, अर्थपूर्ण सहभागिताको माद्यमद्धारा व्यवहारीक र रणनीतिक आवश्यकतामा पहुँच वृद्धि गरी आर्थिक तथा सामाजिक रुपमा सशक्तिकरण गर्ने ।

३.४.४ परम्परागत गलत मुल्यमान्यता कुसंस्कार तथा कुरीति विरुद्ध सचेतना फैल्यायि सकारात्मक व्यवहार परिवर्तनको माद्यमद्धारा समतामुलक समाजमा रुपान्तरणका लागि लक्षित वर्ग र समुदायको मानवसंधान तथा क्षमता विकास गरी जिवीकोपार्जन मार्फत आत्मनिर्भर गर्ने।

३.४.५ खानेपानी, शिक्षा, प्रजनन स्वास्थ्य, सुरक्षित मातृशिशु र सरसफाई आधारभूत आवश्यकता सुनिश्चितताका लागि योजना निर्माण देखि कार्यान्वयन तथा लाभ प्रासी सम्ममा लक्षित वर्गको समान हिस्सेदारी कायम गर्ने ।

३.४.६ नीती वजेट कार्यक्रम तर्जुमा देखी कार्यान्वयनका प्रत्येक तहमा लैंगिक समानता तथा सामाजिक समावेशीकरणमैत्री अनुगमन र मूल्याङ्कन गर्ने पद्धतिको विकास गर्ने ।

## ३.५ लैङ्गिक समानता, अपाङ्गता मैत्री तथा सामाजिक समावेशीकरण नीति

- लक्षित वर्गको सामाजिक सुरक्षा र आत्मसम्मान अभिवृद्धका लागि संघीय कानुनको कार्यान्वयन तथा आवश्यकतानुसार स्थानीय कानुन तयार गरी कार्यान्वयन गरिने छ ।
- बालबालिका र महिला हितकारी ऐन, नियम र प्रतिवद्धताताहरुको जानकारी र कार्यान्वयन गर्न टोल देखि नगरस्तर सम्म सूचना प्रवाह गरिने छ ।
- बालबालिका महिला अपाङ्गता ज्येष्ठ नागरिक, दलित, सिमान्तकृत, अल्पसंख्य, आदिवासी जनजाती, मधेशी, मेचे र हिंशापीडित तथा विपन्नवर्ग नागरिकहरुको सामाजिक संरक्षण गरिने छ ।
- लैङ्गिक डेस्कमा स्रोत दक्ष जनशक्ति व्यवस्थापन गरी महिला बालबालिका जेष्ठनागरिक अपाङ्गता भएका व्यक्ति दलित सिमान्तकृत अल्पसंख्य आदिवासी जनजाती र हिंसा पीडितका सवालहरुको संस्थागत रुपमा सम्वोधन गरिने छ ।
- मानव संसाधन शाखा स्थापना गरी बालबालिका महिला, अपाङ्गता, ज्येष्ठ नागरिक, दलित, सिमान्तकृत अल्पसंख्य, आदिवासी जनजाती, हिंसा पीडित र विपन्नवर्गको क्षमता विकासलाई प्राथमिकता दिईनेछ ।
- आवधिक योजनामा लक्षित वर्ग, वञ्चितिकरण र विभेदमा परेका वर्गको सवालहरु सम्बोधन गर्ने नीति र स्रोत व्यवस्थापन गरिने छ ।
- नगरपालिकाको वार्षिक वजेट निर्माण तहदेखि कार्यान्वयन तहसम्म लैङ्गिक उत्तरदायि बनाईने छ ।
- नियमित रुपमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण गरी परीक्षणबाट प्राप्त सुधारात्मक पक्षका लागि तयार गरीएको कार्ययोजना कार्यान्वयनमा ल्याईने छ ।
- वार्षिक वजेट तर्जुमामा छुट्टै कोष स्थापना गरी लैङ्गिक हिंसा निवारण र महिलाहरुको सीप विकासका कार्यक्रमबाट महिला र पुरुषको समविकास गरिने छ ।
- सामाजिक रुपमा वहिस्करण र सेवा तथा अवसर लिनबाट वञ्चितीकरण परेका वर्गको तथ्याङ्कको एकिन गरी उनीहरुको अवस्था तथा स्तरवृद्धिमा वजेट विनियोजन गरिने छ ।
- खानेपानी शिक्षा स्वास्थ्य सरसफाई जस्ता विवकासका आधारभूत पक्षमा लैंगिक समानता तथा सामाजिक समावेशीकरणका विषयहरु सम्बोधन गर्ने सूचकका आधारमा अनुगमन र मूल्याङ्कन गर्ने परिपाटीको थालनी गरिने छ ।
- नगरपालिकाले सञ्चालन गर्ने पूर्व वजेट छलफल, सार्वजनिक सुनुवाई र प्रगति समीक्षा कार्यक्रममा लक्षित समूहको अनिवार्य सहभागिता गर्ने उनीहरुका सुझावको कार्यान्वयनमा ल्याईने छ ।

## ३.६ लैङ्गिक समानता, अपाङ्गता मैत्री तथा सामाजिक समावेशीकरण रणनीति

### ३.६.१ मुलप्रवाहीकरण वा रणनीति

- महिला, गरिव र बहिष्करणमा परेका वर्ग समुदायले भोगेका समस्या र सवालको पहिचान तथा विश्लेषण गरी नीतिगत व्यवस्था, संस्थागत प्रणाणी वा संरचना, योजना, वजेट, पहुँचयुक्त अवसर, सेवामुलक कार्य

अनुगमन मूल्याङ्कन कार्यमा समान अवसरको वातावरण सृजना गरी सबै लक्षित व्यक्ती र समूहको सवाल र समस्याको सम्बोधनबाट विकास प्रक्रियामा मूलप्रवाहीकरण गर्ने ।

- लैंगिक उत्तरदायि बजेट निर्माण मार्फत सवै क्षेत्र तथा चरणमा महिला र पछाडि पारिएका वर्गको सहभागिता सुनिश्चित गर्ने ।
- कानुनी प्रवन्ध, संस्थागत सुधार तथा क्षमता विकासद्वारा लैंगिक उत्तरदायि तथा समतामुलक शासन प्रणालीको विकास गर्ने ।
- अनुगमन मूल्याङ्कन पद्धतिमा लैंगिक समानता,अपाङ्गता तथा समावेशीकरणमैत्री प्रावधानको व्यवस्था गरी सहभागितामूलक र निर्माणात्मक अनुगमन मूल्याङ्कन गर्न संस्थागत विकास गर्ने ।

**३.६.२ समावेशीकरण**

- विकासका अवसर तथा लाभ लिनबाट वञ्चितीकरण सामाजिक आर्थिक राजनीतिक क्षेत्रमा पछाडि पारीएका वा परेका वर्गको स्थानीय तहको शासन प्रणालीका र गतिविधहरुमा सहभागिता गराई समतामुलका तथा समन्यायिक वितरण पद्धतीको कार्यान्वयन गरी समावेशी शासन प्रणालीको अवलम्वन गर्ने ।

**३.६.३ स्थानीयकरण**

- राष्ट्रिय र अन्तराष्ट्रियस्तरमा लक्षित वर्गको हितका लागि तय भएका सन्धी संझौताको प्रतिबद्वता तथा दीगो विकास लक्ष्यहरु सवै सरोकारवाला पक्षमा जानकारी र स्थानीयकरण गरी सोको नतिजा प्राप्ती गर्ने ।

**३.६.४ सशक्तिकरण**

- लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरणको मर्मलाई अनुसरण गरी वञ्चितीकरणमा परेका वा पारीएको लक्षित वर्ग, स्रोत र साधनमा पहुँच तथा नियन्त्रणमा पछि पारिएको वर्ग, आपाङ्गता, गरीव, महिला, आदिवासी जनजाती, दलित, मुस्लिम, लैंगिक तथा यौनिक अल्पसंख्य समुदायलाई नगरपालिका सवै अवसरमा अर्थपूर्ण सहभागीता गर्दै प्राथमिकतामा राखी क्षमता र सीप विकासको अवसरवाट सामाजिक आर्थिक क्षेत्रमा सवल वनाई सवै क्षेत्रका क्रियाकलापहरुमा प्रतिष्पर्धामा आउन सक्ने वनाउने।
- लैंगिकतामा आधारित श्रम विभाजनको परंपरागत मान्यतामा परिवर्तन गरी श्रम बजारमा महिला तथा लक्षित वर्गको सहभागिता बढाउदै आर्थिक अवस्था सुधारको क्षेत्रमा महिलाको योगदानाको मूल्याङ्कन गर्ने ।
- कृषि, पशुपालन,सहकारी ,घरेलु उद्योग र पर्यटन विकासको माध्यमबाट विपन्न तथा बहिष्कृत वर्ग तथा समुदायलाई रोजगारीको अवसर प्रदान गर्ने र स्वरोजगार बन्ने अवसर प्रदान गर्ने ।
- स्वरोजगार रोजगारी र उद्यमशिलताको एकिकृत कार्यक्रमबाट महिला तथा बहिष्करणमा वर्गको आर्थिक पक्ष सवल वनाउने ।

**३.६.५ सचेतीकरण**

लैंगिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण रणनीति

- लैंगिक समानता तथा सामाजिक समावेशीकरणका निम्ति संविधान,ऐन कानुन, नीति निर्देशिका, दिग्दर्शन र कार्यविधिमा रहेका प्रावधान तथा कार्यप्रणाली र समावेशी पद्धतिको सवै सरोकारवाला पक्षहरुलाई अनुशिक्षण गरी साझा वुझाईकासाथ कार्यान्वयनमा गर्ने।
- नगरपालिकाभित्र वर्तमान अवस्थामा रहेका कुरीतिहरु अन्धविश्वास तथा गलत परम्परा विरुद्ध सचेतीकरण गरी महिला तथा लक्षित वर्ग माथी हुनसक्ने कानुनले बन्देज गराएका कार्यउपर निरन्तर छलफल गरी समाधान गर्दै लगिने ।

### ३.६.६ संस्थागत व्यवस्था

संघीय र प्रदेश सरकाले तय गरेका कानुन र कार्यविधिहरुमा व्यवस्था भए अनुसार संस्थागत संरचना निर्माण गरी कार्यान्वयनमा ल्याउने र नगपालिकाले निर्माण गर्ने ऐन, कानुन र कार्यविधिहरु तथा संस्थागत संरचनाहरुमा लैंगिक समानता तथा सामाजिक समावेशीकरण दृष्टिकोणले वहिष्करण र वञ्चितिकरणमा परेका वर्गको सार्थक प्रतिनीधित्व सुनिश्चितता गर्ने ।

### ३.६.७ समन्वय

- नगरपालिकाभित्र रहेका शाखाहरुवीच पारस्परिक समन्वय गरी योजना तर्जुमा, वजेट विनियोजन, उपभोक्ता समिति गठन तथा नेतृत्व परिचालन अनुगमन मूल्याङ्कनलाई लैंगिक समानता तथा सामाजिक समावेशीमैत्री बनाउदै लगिने ।
- संघीय सरकार, प्रदेश सरकार , नगरपालिका विभिन्न दातृनिकायहरु प्रतिष्ठान आयोग लगायत विकास साझेदारहरु वीच समन्वय गरी लैंगिक समानता,अपाङ्गता तथा सामाजिक समावेशीमैत्री नीति निर्माण योजना तर्जुमा तथा प्रभावकारी कार्यान्वयनको आधार तयार गर्ने ।

### ३.६.८ समन्वय र सहकार्य

- लैङ्गिक समानता,अपाङ्गता तथा सामाजिक समावेशीकरणका निम्त्ति नगरपालिकामा रहेका विषयगत समिति, महाशाखा शाखाहरु,न्यायीक समिति, स्थानीय बाल अधिकार समिति, लैङ्गिक समानता तथा समाजिक समावेशीकरण कार्यान्वयन समिति, लैङ्गिक हिंसा प्रतिकार्य मञ्च, पुरुष सञ्जाल, टोल विकास संस्था,ईलाका प्रहरी कार्यालय,OCMC भद्रपुर,निशुल्क कानुनी सहायता केन्द्र भद्रपुर, र अन्य विकास साझेदारहरु (बैंक वित्तीय संस्था सहकारी उद्योग बाणिज्य संघ घरेलु तथा साना उद्योग गैरसरकारी संस्था) संग सहकार्य गर्ने ।
- संघीय सरकार, प्रदेश सरकार , नगरपालिका, दातृनिकायहरु, प्रतिष्ठान, आयोग समिति लगायत अन्य विकास साझेदारहरुसंग लैगिक समानता,अपाङ्गता तथा सामाजिक समावेशीकरणमैत्री साझा प्रतिफल प्राप्तीमा सहकार्य गर्ने ।

### ३.६.९ सहजीकरण

- संकटासन्न,वञ्चितिकरण र वहिष्करणमा परेका वर्गलाई आर्थिक सामाजिक गतिविधिहरुमा संलग्नता हुन सक्ने गरी योजना तर्जुमा र कार्यान्वयन देखी अनुगमन तथा मूल्याङ्कनका सवै चरणमा टोलवस्तीस्तरबाटबाट नै सशक्त वनाउन सहजीकरण गर्ने संयन्त्रको विकास गरी परिचालन गर्ने ।

लैंगिक समानता तथा सामाजिक समावेशीकरण नीति

- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको क्षेत्रमा काम गर्ने सरकारी र गैरसरकारी संघसंस्था तथा प्रतिष्ठान आयोग समितिसंग समन्वय सहकार्यका लागि संयन्त्र मार्फत नियमितरुपमा सहजीकरण गर्ने ।

**३.६.१० सामाजिक सुरक्षा**

- नागरिकहरुले आफनो संरक्षण र सुरक्षा आफै गर्न असमर्थ रहेका नागरिकलाई नगरपालिकाले संरक्षण गर्ने ।
- बालबालिका, महिला, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, एकल महिला,लैंगिक तथा यौनिक अल्पसंख्यक, परिवार विहिन, द्वन्द्व पीडित, विपदबाट प्रभावित, हिंसा पीडित विपन्न आदि वर्गको संरक्षण तथा स्वास्थ्य शिक्षा र जिविकोपार्जनमा सहयोग गर्दै लैजाने ।
- सामाजिक सुरक्षा अन्तर्गत अल्पसंख्यक, सीमान्तकृत, लोपनउन्मुख जातजातीहरु, दलित, ज्येष्ठ नागरिक, एकल महिला, अपाङ्गता भएका वर्गको सम्मान, सुरक्षा, स्वास्थ्य शिक्षा तथा जीविकोपार्जनमा सहयोग गर्दै लैजाने।

**३.६.११ अनुगमन र मूल्याङ्कन**

- नगरपालिका भित्र हुने सम्पूर्ण गतिविधि र प्रक्रियमाका चरणमा लैङ्गिक  समानता, अपाङ्गता मैत्री तथा सामाजिक समावेशीकरणको दृष्टिकोर्णले अनुगमन र मूल्याङ्कन गर्ने पद्तिको विकास गर्ने ।
- विगतमा गरिएको अनुगमन मूल्याङ्कनबाट प्राप्त सुझावहरुको कार्यान्वयन भई लैङ्गिक हिंसाका  मुद्दाहरुको सम्बोधन भए नभएका कार्यको नियमित समिक्षा गरी सुधारका लागि अनुगमन संयन्त्र र अनुगमन सूचकको प्रयोग गर्दै लैङ्गिक समानता अपाङ्गता मैत्री तथा समावेशीकरणको लागि  लैंगिक डेस्कलाई उत्तरदायि बनाउदै लगिने छ ।
- लैङ्गिक उत्तरदायी नीति कार्यक्रम तथा वजेट तर्जुमा र कार्यान्वयनको अवस्था लेखाजोखाका निम्ति नियमित अनुगमन  प्रतिवेदन तयार गरी चौमासिक समिक्षा गर्ने र आगामी योजना लैंगिकमैत्री बनाउन सुझाव प्रस्तुग गर्ने ।

**३.६.१२ कार्यनीतिः**

- स्थानीय तहको सहभागितामुलक योजना तर्जुमा प्रक्रियामा लैङ्गिक उत्तरदायी  बजेट निर्माण तथा लैंगिक समावेशीमैत्री योजनाको छनौट गरी लगानी गरिने छ ।
- लक्षित वर्ग वा समूहको व्यवहारिक तथा रणनैतिक आवश्यकता सम्बोधनका लागि निश्चित प्रतिशत वजेट छुटयाउने र लक्षित वर्गका व्यक्तिहरुको सहभागितामा छलफल उनीहरुका मुलभुत कारण पहिचान तथा विश्लेषणका आधारमा वजेट लगानी गर्ने पद्वतिको विकास गरिने छ ।
- लैङ्गिक  उत्तरदायी नीति कार्यक्रम र वजेट तर्जुमा गर्न आवश्यक सूचना र तथ्यङ्कको अभिलेखीकरण तथा अद्यावधिक गर्ने पद्तीको  विकास गरिने छ।
- लैङ्गिक उत्तरदायी नीति वजेट कार्यक्रम तर्जुमा तथा समावेशीको नतिजा सुधार गर्न लैङ्गिक  लेखाजोखा विधिलाई संस्कृतिको रुपमा  अपनाईने छ ।

- लक्षित वर्गको अधिकतम सहभागिता सुनिश्चत गर्न संस्थागत संयन्त्रको विकास प्रतिनीधीत्व प्रणाली र क्षेत्रगत कार्यका लागि सर्त निर्धारण गरिने छ ।
- नागरिकका लागि सेवा प्रवाह निकायमा सेवाप्रवाहलाई लैससासमैत्री बनाउन समय सापेक्ष वनाईदै लगिने छ ।
- मेचीनगर नगरपालिकाको समग्र विकास योजना निर्माणको प्रारम्भिक चरणमा महिला, बालबालिका, दलित, विकासको मुलप्रवाहबाट वहिष्कृत लक्षित वर्गका सवाल पहिचानका लागि व्यवस्था गरिएका प्रावधानहरु जानकारीका निम्ती सचेतनामूलक कार्यक्रमहरु निरन्तर र प्रभावकारी रुपमा सञ्चालन गरिने छ ।
- सेवा र अवसरवाट वहिष्करणमा परेका वा पारिएका लक्षित वर्गका आवजको सम्वेदनसिल भई सकारात्मक तवरले सुनुवाई गर्ने आचरण तथा लैंगिकमैत्री व्यवहार सहितको सेवा प्रदानका लागि आचार संहिताको पालनामा प्रतिद्धताका साथ कार्यान्वयन गरिने छ ।
- आवधिक योजना मद्यकालिन खर्च संरचना र वार्षिक नीति वजेट कार्यक्रममा वहिष्करणमा परेका वर्गलाई विकासको मुलधारमा ल्याउन मौलिक हकको कार्यान्वयन गरिने छ ।
- नगर विकास योजनामा लैङ्गिक उत्तरदायी वजेट सुनिश्चत हुने आधारभूत सूचक तयार गरी सोही आधारमा नीति वजेट र कार्यक्रम तर्जुमा कार्यान्वय साथै सामावेशीकरणको तहको मुल्याङ्कन गरिने छ ।
- समावेशीमैत्री सेवा प्रवाह संचानलका लागि जनप्रतिनीधि र कर्मचारीहरुको क्षमता विकास गरिने छ ।
- वहिष्करणमा पर्ने मुख्य कारणको लेखाजोखाको विश्लेषण गरी समावेशीकरण गर्न वजेट कार्यक्रम तर्जुमा समिति र लैंगिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वय समितिवीच योजना तर्जुमामा पारस्परिक समन्ध स्थापित गरिने छ ।
- लैङ्गिक समानता, अपाङ्गता मैत्री तथा सामाजिक समावेशीकारण योजाना बनाउन टोलस्तरीय योजना छनौट प्रक्रियालाई अनिवार्यता अवलम्वन गरिने छ ।

लैंगिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण रणनीति

### ३.६.१३ रणनैतिक क्रियाकलाप

| क्र सं | उद्बेश्य | नीति | रणनीति | रणनैतिक क्रियाकलाप | मापन सूचकहरु | पुस्टयाईका आधारहरु |
|---|---|---|---|---|---|---|
| १ | लैङ्गिक उत्तरदायि वजेट मार्फत महिला सहभागिता वृद्धि गरी लैङ्गिक सवालहरु को सम्वोधन गर्ने । | वार्षिक वजेट तथा नीति निर्माण गर्दा स्थानीय तहका पाँचै आयममा सन्तुलित वजेट विनियोजन गर्ने आधार र मार्गदर्शन तयार गर्ने | स्थानीय तहका पाँचै आयममा सन्तुलित वजेट विनियोजन गर्ने आधार र मार्गदर्शनको अनुसरण गरी सवै लक्षित वर्गको सहभागितामा टोलवस्तीमा स्तरबाट योजना छनौटमा लक्षित वर्गको सहभागिता मा | • कानुनको मस्यौदा तयार गर्दा र पास गर्दा लैससास दृष्टिकोर्णले विश्लेषण गर्ने ।<br>• लैसअसासमैत्री योजना तर्जुमा गर्न लक्षित वर्गका लागि निश्चित प्रतिशत वजेट छुटियाउने<br>• लैङ्गिक उत्तरदायि वजेट निर्माण र कार्यान्वयनका लागि सरोकारवालाको क्षमता विकास गर्ने ।<br>• लैंगिक वजेट तर्जुमा र मूल्याङ्कन गर्न लक्षित वर्गका सूचना अध्यावधिक र व्यवस्थित अभिलेखीकरण गर्ने।<br>• वार्षिक कार्यक्रमको नियमित लैसअसास परीक्षण गरी प्राप्त सुझावहरुको संवोधन गरी अवस्था सुधार गर्ने। | • कानुन कार्यविधिहरु लैसअसासमैत्री र समय सापेक्ष सुधार भएको हुने छ ।<br>• वार्षिक वजेटमा.... प्रतिशत वजेट विनियोजन भई लैससासमैत्री योजना संचालनमा आएका हुने छन ।<br>• लैंगिक वजेट एकिन गर्ने सूचना प्रणालीको विकास भएको हुने छ । वार्षिक कार्यक्रमको नियमित लैसअसास परीक्षण गरिएको हुने छ । | • वार्षिक नीति वजेट कार्यक्रम पुस्तिका<br>• योजना तर्जुमाका चरणगत कार्यहरु र उपस्थिति विवरण<br>• कार्यपालिका र सभाका निर्णयहरु<br>• लैससास परीक्षण प्रतिवेदन |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ | स्रोत साधानमा लक्षित वर्गको पहुँच वृद्धि | वार्षिकरुपमा लैंगिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण परीक्षण गरी परीक्षणले पहिचान गरेका सुधारात्मक पक्षलाई पालिकाको वार्षिक वजेट कार्यक्रममा समेट स्रोत साधानमा लक्षित वर्गको पहुँच अभिवृद्धिमा निरन्तरता दिने । | विकासका अवसरवाट विञ्चितिकरणमा पारिएको समुदाय तथा वर्गलाई आर्थिक सामाजिक एवं राजनैतिक क्षेत्रका सवै गतिविधिमाहरुमा अर्थपूर्ण गराई तुलनात्मक सुधार भएनभएको मूल्याङ्कन गर्ने। | • वञ्चितिकरणमा परेका लक्षितवर्गको छुट्टै प्रोफायल तयार वा अवस्थाको अध्यावधिक गर्ने ।<br>• कानुमा महिला तथा लक्षित समुदायको हितको लागि व्यवस्था गरिएका प्रावधानहरुका बारेमा सवै सरोकारवालालाई सचेतना गर्ने ।<br>• लक्षित समुदायलाई कानुनले दिएका सुविधाहरुका बारेमा जानकारी गर्ने।<br>• संघसंस्थामा प्रतिनीधित्व शाखाप्रमुखको जिम्मेवारी प्रदान अध्ययन अनुसन्धान टोली बनाउदा समेत लक्षितवर्गको सहभागितालाई प्राथमिकता दिने।<br>• नेतृत्व र जिम्मेवारी बाँडफाँडमा महिला र लक्षित वर्गको निश्चित | • लक्षितवर्गको वस्तुगत विवरण तयार भएको हुने छ ।<br>• कानुन कार्यविधिका बारेका सेवा प्रदायक सेवाग्राहीहरुलाई अनुशिक्षण भएको हुने छ ।<br>• लक्षित वर्गका लागि जिविकोपार्जन र सशक्तीकरणको निम्ति निश्चित वजेट विनियोजन भएको हुने छ।<br>• उपभोक्ता समिति र कार्यदलमा कम्तिमा ४० प्रतिशतसम्म लक्षितवर्गको सहभागिता भएको हुने छ ।<br>• लक्षित वर्गको व्यवहारिक र रणनीतिक आवश्यकता सम्वोधन गर्ने | • वार्षिक नीति कार्यक्रम तथा वजेट पुस्तिक<br>• उपभोक्ता समिति गठन र परिचालन कार्यविधि<br>• लैससास कार्यान्वयन समिति वडा समिति र कार्यपालिकाका निर्णयहरु |

लैंगिक समानता, अपांगता तथा सामाजिक समावेशीकरण नीति

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | प्रतिशत सहभागिता सुनिश्चित गर्ने ।<br>• महिला एवं लक्षित वर्गहरुको व्यवहारिक र रणनीतिक आवश्यकता पुरा गर्ने कार्यक्रम तयार गर्ने। | कार्यक्रम सचालन भएको हुने छ । | |
| ३ | लैसअसास सम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिवद्ता शन्धी सम्झौताहरु को कार्यान्वयन गरी मूलप्रवाही करण गर्ने । | महिला तथा बालबालिकासंग सम्बन्धि सवै शन्धी संझौता प्रतिवद्तता र दिगो विकासका लक्ष्यको स्थानीयकरण गरी लक्ष्यमा नजिता प्राप्तीमा निरन्तरता दिने। | राष्ट्रिय तथा अन्तराष्ट्रिय शन्धी संझौता प्रतिवद्धतता र दिगो विकासका लक्ष्यहरुका विषयमा सरोकारवालाहरुलाई अभिमूखिकरण गर्ने । | • दिगो विकास लक्ष्य स्थानीयकरणका लागि कर्मचारी तथा पदाधिकारीको क्षमता विकास र परिचालन<br>• बेइजिङ घोषणापत्रका १२ प्रतिवद्धता बाल अधिकार अन्तराष्ट्रिय महाशन्धी १९८९ संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषदको दस्तावेजका प्रस्ताव नं १३२५ र १८२० को जानकारी<br>• शन्धी संझौताको स्थानीयकरण गरी वार्षिक कार्यक्रममा समावेश र कार्यान्वयनमा सहजता ल्याउने कानुन तथा कार्यीबिधि तयार गर्ने | • बेइजिङ घोषणापत्रका १२ प्रतिवद्धता बाल अधिकार अन्तराष्ट्रिय महाशन्धी १९८९ संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषदको दस्तावेजका प्रस्ताव नं १३२५ र १८२० को अभिमूखिकरण भएको हुने छ ।<br>• राष्ट्रिय तथा अन्तराष्ट्रिय शन्धी संझौता प्रतिवद्धतता र दिगो विकासका लक्ष्यहरुको स्थानीयकरण भई वार्षिक कार्यक्रममा समावेश भएको हुने छ । | • दिगो विकास लक्ष्य र अन्तराष्ट्रिय शन्धी तथा प्रतिवद्ता अभिमूखिकरणको उपस्थिति पुस्तिका<br>• बार्षिक नीति वजेट तथा कार्यक्रम<br>• लक्षित वर्गको समावेशीकरणका लागि वनेका ऐन नियमहरु<br>• कार्यपालिका निर्णयहरु |

लैंगिक समानता, अपांगता तथा सामाजिक समावेशीकरण रणनीति

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | महिला र लक्षित वर्गको समावेशीता नीति कानुनमा सुनिश्चतता गर्ने | पालिकाले निर्माण गरेका सवै कानुन नीति नियम निर्देशिका कार्यविधिमा महिला बालबालिका लैंगिक तथा यौनिक अल्पसंख्यक अपाङ्गता दलित लोपउन्मुख सिमान्तकृत आदिवासी जनजाति सहित सम्पूर्ण लक्षितवर्गमैत्री बनाउदै लैजाने। | केन्द्र र प्रदेशस्तरीय कानुन कार्यविधिहरुमा व्यवस्था गरिए अनुरुपका संस्थागत संरचनाहरु निर्माण गरी परिचानल गर्ने। स्थानीयतहद्वारा निर्माण गर्ने हरेक कानुन कार्यविधीहरुको कार्यान्वयनमा निर्माण हुने संरचनाहरुमा लैंगिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरणको पक्षबाट वञ्चिकरणमा वर्ग तथा समुदायको सहभागिता सुनिश्चितता गर्ने । | • कानुन कार्यविधि निर्माण गर्दा लैससासमैत्री भए नभएको विश्लेषण गर्ने।<br>• महिला पुरुष तथा रैथाने र आप्रवासी कामदारहरुवीच हुने विभेद अन्त्य गर्ने आवश्यक कानुनी व्यवस्था गर्ने ।<br>• विगतमा बनेका कानुन कार्यविधि लैससास दृष्टिकोर्णबाट अनुकुल नभएको भएमा संशोधन गर्ने।<br>• कानुन कार्यविधि र विकास निर्माण प्रक्रियामा लैंगिक तथा यौनिक अल्पसंख्यकका सवाल सम्बोधन हुने विषय समावेश गर्ने ।<br>• सबै क्षेत्र र तहको नेतृत्वमा महिला तथा लक्षित वर्गको समानुपातिक सहभागिता वृद्धिका कानुनी व्यवस्था गर्ने। | • कानुनले तोकिएका संस्थागत संरचनाहरु निर्माण भएका हुने छन।<br>• नयाँ निर्माण हुने कानुन र कार्यविधिहरुमा लैससास दृष्टीले उपयुक्त भए नभएको विश्लेषण र वनिसकेका कानुन कार्यविधि लैससासमैत्री बनाउन आवश्यक संशोधन भएको हुने छ ।<br>• महिला पुरुष रैथाने र आपवासी कामदारहरु वीच हुने विभेद अन्त्यका लागि नीति तयार भएको हुने छ।<br>• कानुन कार्यविधि तथा विकासका गतिविधिहरुमा लैंगिक तथा यौनिक अल्पसंख्यकहरु | • बार्षिक नीति वजेट तथा कार्यक्रम पुस्तिका<br>• कानुन विश्लेषण गर्न कार्यदल गठन गरिएको कार्यपालिकाको निर्णय भएको पुस्तिका<br>• लैंगिक तथा यौनिक अल्पसंख्यकका लागि पूर्वाधारहरुको अनुगमन प्रतिवेदन |

लैंगिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण रणनीति

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | समावेश गरिएको हुने छ। | |
| ५ | कार्यप्रणाली वित्त व्यवस्थापन न एवं तथ्याङ्कमा समेत महिला र लक्षित वर्गको समावेशीता लाई सुनिश्चित गरी आर्थिक रुपमा सशक्तीकरण गर्ने | १ लक्षित वर्गको विकासका लागि छुट्टै शाखा स्थापना गरी महिला बालबालिका तथा ज्येष्ठ नागरिकहरुको सवाललाई प्रत्यक्ष सम्बोधन गरिने ।<br>२ बार्षिक बजेट तथा नीति कार्यक्रम तर्जुमा गर्दा छुट्टै वजेट छुट्यायि लैंगिक हिंशा निवारण महिला सीप विकास लगायतका लक्षित वर्गको | • महिला गरीव र बहिष्करणमा परेका वर्ग र समुदायले भोगेका समस्याहरुको लेखाजोखा तथा विश्लेषण गरी नीतिगत व्यवस्था संस्थागतप्रणाली तथा संरचनाहरु योजना वजेट पहुँजयुक्त अवसर अनुगमन मूल्याङ्कन र अनुसन्धान लगायतका कार्यहरुमा समान अवसर प्रदान गर्ने ।<br>• लक्षित वर्ग र समुदायले भोगेका समस्या वा सवालको सुनुवाई गरी विकास | • संस्थागत जिम्मेवारी दिदा तथा शाखाको व्यवस्थापन गर्दा प्रमुखमा महिला लक्षित समूहलाई प्राथिमकतामा राख्ने।<br>• लक्षित वर्गको अर्थपूर्ण समावेशीताका लागि महिला जनजाति तथा जेष्ठनागरिक जनप्रतिनीधि समावेश गरी विशेष सेवा प्रदायक कार्यदल गठन गर्ने।<br>• महिला पुरुष समविकास गर्ने कार्यनीति तयार गरी कार्यान्वयन गर्ने ।<br>• कार्यक्षेत्रमा हुन सक्ने यौनदुर्व्यवहार जातीय भेदभाव तथा महिला हिंशा नियन्त्रण गर्न तयार गरीएको आचार संहिता लागु गर्ने र पालना गराउनका लागि नियमित अनुगमन गर्ने । | • शाखा प्रमुखमा महिला र लक्षित वर्गको प्रतनीधित्व भएको हुने छ ।<br>• लक्षित वर्ग वा समूहको हितका लागि विशेष सेवा प्रदायक कार्यदल गठन गरिएको हुने छ।<br>• महिला पुरुष समविकास कार्यनीति तयार भएको हुने छ ।<br>• यौनदुर्व्यवहार जातीय भेदभाव तथा महिला हिंशा नियन्त्रणका लागि आचार संहिता निर्माण भएको हुने छ ।<br>• महिला बालबालिका शाखामा जनशक्ति सहित डेस्क स्थापना भएको हुने छ । | • कार्यपालिकाको निर्णय पुस्तिका<br>• विशेष सेवा प्रदायक कार्यदलको वैठकको निर्णय<br>• महिला पुरुष समविकास कार्यनीति दस्तावेज ।<br>• महिला बालबालिका शाखाको व्यवस्थापन<br>• सचेतनामूलक प्रर्चा व्रुसर श्रव्य दृष्य सामग्री तयार गरी कार्यक्रमका अभिलेखहरु । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | सशक्तिकरणको क्षमता विकासका क्रियाकलाप संचालन मार्फत महिला पुरुष समविकास अभिबृद्धि गरिने छ।<br>३ लक्षित वर्ग पहिचान खुल्ने गरी खण्डिकृत तथ्याङ्क संकलन तथा अध्यावधिक गर्ने र सोही आधारमा स्थानीय विकास योजना तर्जुमा र वजेट विनियोजन गर्ने नीति अवलम्वन गर्ने । | प्रक्रियामा मुलप्रवाहीकरण गर्ने ।<br>• शाखाहरुवीच आन्तरिक समन्वय गरी योजना तर्जुमा वजेट विनियोजन उपभोक्ता समुह गठन तथा नेतृत्व परिचालन अनुगमन मूल्याङ्कन प्रणालीलाइ लैससासमैत्री बनाउदै लाने । | • महिला बालबालिका शाखामा लैंगिक डेक्स र आवश्यक जनशक्ति व्यवस्थापन गरी परिचालन गर्ने ।<br>• लैससास सम्बन्धी सूचना एवं सचेतनामूलक सामग्रीहरु तयारी गरी प्रचार प्रसार तथा प्रकाशन गर्ने ।<br>• उपभोक्ता समिति गठन र परिचालनमा महिला तथा लैंगिक तथा यौनिक अल्पसंख्यक समूहहरुको सहभागिता अनिवार्यता गर्ने । | • लैसअसास सम्बन्धी सचेतनामूलक(ICE Materials ) पर्चा, व्रुसर,स्टिकर, फ्लेक्स , श्रव्य दृष्य सामग्री तयार गरी कार्यक्रम संचालन गरिएको हुने छ। | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६ | मानव संसाधान क्षमता विकासमा लक्षित वर्गको सहभागिता सुनिश्चितता गरी जीविकोपार्जन कार्यक्रम मार्फत आत्मनिर्भर बनाउने । | १ मानव संसाधान विकास शाखा स्थापना गरी महिला विपन्न र लक्षित वर्गको क्षमता विकासमा प्राथमिकतामा राखी कार्यान्वयन गर्ने।<br>२ संघीय र स्थानीय तहले निर्माण गरेका कार्यविधिहरुका बारेमा कर्मचारीमा अध्यावधिक गर्दै लैजाने । | • लक्षित वर्गको क्षमता अभिवृद्धिसंगी सीप विकास गरी आर्थिक क्रियाकलापहरुमा संलग्न गराई आत्मनिर्भर गर्ने। | • लैसअसास सम्बन्धी क्षमता विकासका निम्ति वजेट विनियोजन गर्ने ।<br>• लैंगिकमैत्री वजेट लगानी गर्ने कार्यविधी तयार गर्ने ।<br>• नगरपालिकाबाट संचालन हुने सवै तालिममा लैससास विषयलाई सवालको रुपमा राख्ने नीति लिने।<br>• मानव संसाधन तथा क्षमता विकास शाखा स्थापना गर्ने।<br>• लैंगिक हिंसा निवारणका लागि सरोकारवालाहरुको आचार संहिता पालना गर्न पूर्ण प्रतिवद्धता गराउने ।<br>• कार्यस्थल तथा सार्वजनिक क्षेत्रमा महिला किशोरी तथा बालबालिकामा हुन सक्ने यौनदुर्व्यवहार रोक्ने विद्यमानमा रहेका कानुनी प्रावधानको प्रचार प्रसार गर्ने । | • वार्षिक वजेट तथा कार्यक्रममा लैसअसास क्षमताका लागि वजेट लगानी गरिएको हुने छ।<br>• मानव संसाधान तथा क्षमता विकास शाखा लैसअसास सवाल समाधानमा परिचालन भएको हुने छ।<br>• लैंगिक हिंशा न्यूनिकरणका लागि सरोकारवालाहरुले पालना गर्ने आचार संहिता पालनाको प्रतिवद्धतता कार्यान्वयनमा आएको हुने छ।<br>• कार्यस्थल र सार्वजनिक क्षेत्रमा महिला र किशोरीमाथि हुने यौनदुर्व्यहारको घटनामा कमी आएको हुने छ। | • |

लैंगिक समानता, अपांगता तथा सामाजिक समावेशीकरण शाखा

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७ | परम्परागत मूल्यमान्यता कुसस्कार विरुद्ध सचेतना अभिवृद्धि गरी समाजमा सकारात्मक सोचको धारणा विकास मार्फत लैंगिक समानता सहित समतामूलक समाज निर्माण गर्ने। | १ परंपरागत र सामाजिक कुरीति विरुद्धको सचेतनासलाई सामाजिक विकासका प्रत्येक कृयाकलाप तथा चरणमा समावेश गरी अन्तरक्रिया गर्ने । | • परम्परागत र सामाजिक कुरीति तथा अन्धविश्वास साथै गलत मान्यता विरुद्ध सचेतनामुलक कृयाकलापमा लैसअसासको सवालका रुपमा निरन्तरता दिने। | • लैंगिक हिंसा विरुद्ध शुन्य सहनशिलता साथै कर्मचारी तथा जनप्रतिनीधीहरुमा पुरस्कार र दण्ड सजाय दुवैको व्यवस्था गर्ने ।<br>• हिंसा पीडित वेचविखनमा परेका महिलाहरुका लागि आपतकालिन सेवा केन्द्र संचालन गर्ने।<br>• लैंगिक हिंशा विरुद्धका सचेतनामूलक अभियानलाई रेडियो टेलीभिजन लगायत संचार माध्यमबाट निरन्तर प्रचार प्रसार गर्ने ।<br>• लैंगिक हिंशा न्यूनिकरणका निम्तिआचार संहिताको पालना गर्ने गराउने ।<br>• जातीय विभेद अन्त्य गर्ने ।<br>• सवै वडाहरुमा लक्षित वर्गकाहरुका कानुनी सचेतनामूलक कार्यक्रमहरु नियमित संचालन गर्ने । | • सामाजिक कुरीति विसंगती विरुद्ध श्रव्य दृश्य सामग्री तयारी गरिएको हुने छ ।<br>• हिंशा पीडित महिला तथा लैंगिक र यौनिक अल्पसंख्यक तथा लक्षित वर्गका लागि सेवा केन्द्र स्थापना भएको हुने छ ।<br>• जातीय भेदभाव अन्त्य भई अन्तरजातीय विवाह गर्ने जोडीलाई सम्मान गरी समाजमा सम्मानित जीवन यापन गर्ने अवस्था तयार भएको हुने छ।<br>• नगर र वडास्तरसम्म महिला हिंशा विरुद्ध सचेतनामुलक कार्यक्रम संचालन भएका हुने छन। | • वार्षिक नीति वजेट कार्यक्रम<br>• श्रव्य दृश्य सामग्रीहरु<br>• सामाजिक सञ्जालमा पोष्ट गरिएका विवरण<br>• जातीय छुवाछुतका घटनाको संख्या<br>• महिला र लैंगिक तथा यौनिक अल्पसंख्यक वर्गको लागि आपतकालिन सेवा केन्द |

लैंगिक समानता, अपांगता तथा सामाजिक समावेशीकरण शाखा

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | • सामाजिक कुरीति विसंगति विरुद्ध श्रव्यदृश्य सामग्री तयार गर्ने प्रदर्शन गर्ने। | | |
| ८ | खानेपानी सरसफाई स्वास्थ्य र शिक्षा लगायत आधारभूत सेवा प्रवाहमा लैससासलाई प्राथमिकतामा राख्ने र प्रत्येक प्रक्रियामा लैससास दृष्टिकोर्णबाट अनुगमन मूल्याङ्कन गर्ने पद्धतिको विकास गर्ने। | १ खानेपानी सरसफाई स्वास्थ्य र शिक्षा आधारभूत विकासका पक्षहरुमा लैसअसाससंग सम्बन्धित सूचकहरु निर्माण गरी नियमित अनुगमन तथा मूल्याङ्कन गर्ने। | • सेवा प्रवाहका चरणहरुमा गरिने अनुगमन मूल्याङ्कनमा लैससास दृष्टिकोर्णबाट गर्ने ।<br>• अगिल्लो चरणमा गरिएको अनुगमन मूल्याङ्कनबाट प्राप्त भएका सुझावहरु पछिल्लो अनुगमन मूल्याङ्कनमा क्रममा सूचक थप गरी मूल्याङ्कन पद्धतिलाई लैससासमैत्री बनाउदै लैजाने। | • प्रत्येक घरमा महिलालाई साक्षर बनाउने अभियान संचालन गर्ने ।<br>• पूर्ण साक्षरता बनाउने शैक्षिक नीति अवलम्वन गर्ने ।<br>• शैक्षिक संस्थाकाहरुमा लैंगिक तथा यौनिक अल्पसंख्यकहरुका लागि वैकल्पिक शौचालयको व्यवस्था गर्ने र नयाँ वन्ने संरचनाहरुमा निर्माण गर्दा पहुँच योग्य संरचना निर्माण गर्ने।<br>• स्वरोजगार बन्न र वैदेशिक रोजगारीमा जान चाहानेहरुको तथ्याङ्क संकलन गरी तालिम दिने र आवश्यकतानुसार वजेट व्यवस्थापन गर्ने। | • निरक्षर व्यक्तिहरु साक्षर भएका हुने छन।<br>• लैंगिक तथा यौनिक अल्पसंख्यकहरुका लागि विद्यालयहरुका संरचना प्रयोगमैत्री भएका हुने छन।<br>• सुरक्षीत रुपमा वैदेशिक रोजगारीका लागि वैदेशिक रोजगारीमा जान चाहने व्यक्तिहरुका लागि सीपमूलक तालिम पाएका हुने छन। | • नगरपालिकाको वार्षिक प्रगति प्रतिवेदन<br>• तालिम सम्पन्न प्रतिवेदन<br>• कार्यपालिका निर्णयहरु<br>• सभाका निर्णयहरु<br>• अनुगमन र मूल्याङ्कन प्रतिवेदन |

लैंगिक समानता, अपांगता तथा सामाजिक समावेशीकरण रणनीति

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | • विपन्न वर्गको लागि निशुल्क स्वास्थ्य विमा कार्यक्रम विस्तार गर्ने ।<br>• सार्वजनिक रुपमा सेवा प्रवाह गर्ने कार्यालयहरुमा अनिवार्य स्तनपान कक्ष निर्माण गर्ने ।<br>• जोखिमयुक्त काम गरी जीवन निर्वाह गर्दै आएका गर्भवतीहरुका लागि राहतमुखी कार्यक्रम संचालन गर्ने र गर्भावस्थामा जोखिमयुक्त कार्य गराउन नपाउने नीती निर्माण गरी कार्यान्वयनमा ल्याउने।<br>• नियमितरुपमा सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गर्ने र सार्वजनिक सुनुवाई कार्यक्रममा लक्षित वर्गको सहभागिता सुनिश्चिता गर्ने ।<br>• अनुगमन मूल्याङ्कन कार्यमा लैससासमैत्री बनाउने किसिमले सूचक तथा | | |

लैंगिक समानता, अपांगता तथा सामाजिक समावेशीकरण रणनीति

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | फारमहरु तयार गरी कार्यान्वयन गर्ने । | | |

लैंगिक समानता, अपांगता तथा सामाजिक समावेशीकरण रणनीति

## ४ वित्त व्यवस्थापन

लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण रणनीतिकमा प्रक्षेपण गरिएका रणनैतिक क्रियाकलापहरु पुरा गर्ने वजेट लगानी पनि गर्नु पर्छ । स्थानीय तहले बाह्य क्षेत्रबाट स्रोत प्राप्त हुदा मात्र लैंगिक विभेद र वहिष्करणका मुद्वाहरुलाई मुलप्रवाहीकरण गर्न सकिन्छ भन्ने सोचमा परिवर्तन गर्न सके पछी मात्र लक्षित वर्गका सवालहरुको सम्वोधन हुन सक्छ । मेचीनगर नगरपालिकाको लैंगिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण रणनीतिको कार्यान्वयनमा ल्याउन नगरपालिकामा वार्षिकरुपमा संचालन गर्ने बजेट नीति र कार्यक्रमलाई लैसअसासमैत्री बनाउन पर्दछ । लक्षित वर्गका सवालहरुलाई नगरपालिकामा आन्तरीकरण गरी मुलप्रवाहीकरण बनाउन सकिने प्रयासहरुः

- लक्षितवर्गको सवाल सम्वोधनका लागि विकास कार्यक्रममा निश्चित प्रतिशत बजेट विनियोजन गर्ने ।
- लक्षित वर्गको क्षमता विकास गरी विकास निर्माणका कार्यहरुमा योग्यता र क्षमता अनुसारका काममा लक्षित वर्गको सहभागिता गर्ने नीतिगत व्यवस्था गर्ने ।
- लैंगिक उत्तरदायी बजेट तयार गरी सोही आधारमा महिला र लक्षित वर्गको सहभागिता अभिवृद्धि गर्ने ।
- नगरपालिकामा कार्यरत साझेदारका कार्यक्रमहरु लक्षित वर्गका सवालहरुको सम्बोधन हुन सक्ने वनाई कार्यान्वयनमा ल्याउन निर्देशन दिने ।
- लक्षित वर्गको आर्थिकस्तर सुधारका लागि सञ्चालन गरिने कार्यक्रम तथा व्यवसायहरुमा नगरपालिकाको सिफारिशमा सहुलियत दरको ऋण उपलब्ध गराई वित्तिय सहयोग पु—याउन वैंक र वित्तिय संस्थाहरुसंग सहकार्य गर्ने।
- संघ र प्रदेश सरकारका विशेष अनुदान र विषयवगत मन्त्रालयहरुका लक्षित कार्यक्रमहरुमा विनियोजित बजेटहरु अधिकतम रुपमा नगरपालिकामा ल्याउन आवश्यक प्रस्ताव तयार गरी पेश गर्न सक्ने जनशक्ति र संयन्त्रको विकास तथा परिचालन गर्ने।
- सरकारी र अन्तराष्ट्रिय गैरसकारी संस्था तथा दातृ निकायहरुमा सहकार्य तथा साझेदारी गर्दै लक्षित वर्गको आवश्यक्ता सम्वोधन गर्न स्रोत व्यवस्थापन गर्ने ।

लैंगिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण रणनीति

## ५ कानुनी व्यवस्था

लैङ्गिक समानता, अपाङ्गता मैत्री तथा सामाजिक समावेशीकरण रणनीतिको कार्यान्वयन ल्याउन मेचीनगर नगरपालिकाको नगरकार्यपालिकाले अनुमोदन गर्नु पर्दछ। यस रणनीतिको प्रभावकारी कार्यान्वयनमा सहजताका लागि आवश्यक हुन सक्ने प्रावधानहरु तयार गर्दै लैजान पर्ने हुन्छ । लैङ्गिक समानता, अपाङ्गता मैत्री तथा सामाजिक समावेशीकरण रणनीतिको पारित पश्चात कानुन र कार्यविधिहरुको आवश्यकता नपर्ने खालका प्रावधानहरु स्वत कार्यान्वयनमा आउने छन।

## ६ जिम्मेवारी र दायित्व

लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण रणनीति कार्यान्वयनमा ल्याउने प्रमुख दायित्व लैंगिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समितिमा रहने छ । नगरपालिकामा रहेका सबै शाखा र वडा कार्यालयहरुले आफना क्रियाकलापहरुमा लैसअसास रणनीति अनुसार कार्य सम्पादन गर्ने दायित्व पुरा गर्नु पर्छ। वजेट बाँडफाँड र योजना तर्जुमा प्रक्रियाका चरणमा रणनीतिमा किटान गरिएका गधिविधिहरु समावेश गर्ने जिम्मेवारी वजेट कार्यक्रम तर्जुमा समिति संयोजक वा उपमेयरको रहन्छ। लक्षित वर्गको अवस्था र स्तर दुवैमा सुधार गर्न अल्पकालिन र दीर्घकालिन योजना तयार गरी रणनीतिमा नसमेटिएका समस्या वा सवालहरुको सम्बोधन गर्दै जान सकिने छ। नगरपालिकाभित्र कार्यरत सबै संस्था तथा विकास साझेदारहरुले पनि लैसअसास रणनीति कार्यान्वयनमा आ आफनो क्षेत्रबाट जिम्मेवारी पुरा गर्नु पर्ने हुन्छ।

## ७ रणनीति कार्यान्वयनको अनुगमन

लैङ्गिक समानता, अपाङ्गता मैत्री तथा सामाजिक समावेशीकरण रणनीति कार्यान्वयनका लागि लैङ्गिक उत्तरदायि वजेट र लैसअसास परीक्षणसंग पारस्परिक सम्बन्ध राख्दछ। लैसअसास परीक्षण दिगदर्शन २०७८ ले तय गरेका सूचकको नतिजा प्राप्तीका आधारमा रणनीति कार्यान्वयन भए नभएको मूल्याङ्कन गर्ने पहिलो सर्त वन्ने छ।

नगरपालिकाभित्र कार्यरत विकास साझेदार निकाय र संघस्सथाहरुले सञ्चालनमा ल्याएका कार्यक्रमहरु लैसअसासमैत्री सोच सहित सम्पन्न भएको र प्राप्त उपलब्धी तथा समस्या चुनौती रहेका विषयहरुको विश्लेषण सहितको प्रगित प्रतिवेदन पेश गर्ने नीतिको अनुसरण हुनु पर्ने छ ।

मेचीनगर नगरपालिकाभित्र कार्यरत विभिन्न सरोकारवाला संघसस्थाहरुको प्रतिनीधित्वमा महिला बालबालिका लैङ्गिक तथा यौनिक अल्पसंख्यक र सामाजिक सुरक्षा शाखा अन्तर्गत लैसअसास अनुगमन संयन्त्रको विकास गर्ने। सो संयन्त्रले लैसअसास रणनीतिमा उल्लेखित क्रियाकलापहरुलाई नगरको वार्षिक नीति कार्यक्रममा समावेश गरी कार्यान्वयनमा ल्याउन सुझाव प्रदान गर्ने कार्यलाई निरन्तरता दिने छ । लैसअसास रणनीति अनुरुपको लक्ष्य र उद्देश्य प्राप्तीका लागि भए गरेका कार्यहरुको प्रगतिको अनुगमन गरी प्रमुख प्रशासकीय अधिकृत समक्ष प्रतिवेदन पेश गर्न पर्ने छ ।

लैसअसास रणनीति प्रगतिप्र तिवेदन कार्यपालिकामा तीन/तीन महिनाको अन्तरमा छलफल गराई समय सापेक्ष थप रणनीतिक गतिविधी सञ्चालनमा ल्याउनु पर्ने छ ।

लैङ्गिक समानता अपाङ्गता तथा सामाजिक समावेशीकरण रणनीति

## ८ सम्भाव्य जोखिम पक्ष र न्यूनिकरणका विकल्पहरु

### ८.१ सम्भाव्य जोखिम पक्ष

लैङ्गिक समानता , अपाङ्गता तथा सामाजिक समावेशीकरण रणनीति कार्यान्वयनमा आउन सक्ने जोखिम पक्षः

- लैसअसास रणनीतिले महिला, बालबालिका,ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, बिपन्न, लैङ्गिक तथा यौनिक अल्पसंख्यक र सीमान्तकृत वर्ग समुदायलाई प्राथमिकतामा राखी अन्य वर्गलाई उपेक्षा ग— यो भन्ने गलत सोचको विकास हुनु।
- सार्वजिनक र नीजि क्षेत्रका संरचनाहरुका महिला र लक्षित वर्गको सक्षमता विना समानुपातिक प्रतिनीधित्वले मात्र लैसअसास रणनीतिको कार्यान्वय र अनुगमन तथा मूल्याङ्कन पक्ष कम प्रभावकारी बन्न सक्छ।
- लैसअसासका सवालहरुको मुलप्रवाहीकरण गर्ने विषय भएकाले समन्वय र सहयोगका लागि आवश्यक सहजता पर्याप्ततामा कमी हुन सक्छ।
- लैसअसास रणनीति कार्यान्वयनका लागि आवश्यक दक्ष जनशक्ति र स्रोत साधानको व्यवस्थापन पर्याप्तता नहुन पनि सक्छ।
- विषयगत समिति, शाखा र सरोकारवालाहरु वीच लैसअसास रणनीतिको कार्यान्वयनमा विविधता तथा दोहोरोपना हुन जान्छ।

### ८.२ जोखिम पक्ष कमी गर्ने विकल्पहरु

- लैङ्गिक समानता, अपाङ्गता मैत्री तथा सामाजिक समावेशीकरण जस्तो वहुआयमिक सवालमा नेतृत्व र सरोकारवालाहरुको समान धारणामा एकरुपता ल्याउन समय समयमा सचेतनामूलक कार्यक्रम, छलफल, समिक्षा र तालिमको आयोजना गर्ने।
- मेचीनगर नगरपालिकाभित्र समावेशी पक्षसंग सम्बन्धित सम्पूर्ण सरोकारवालाहरुमा वृहतरुपमा सहकार्य र सहकार्य अभिवृधिका लागि पहल गर्ने ।
- नगरपालिकामा हुने सवै छलफल र वैठकमा लैसअसास सम्बन्धी विषय तथा कार्यहरुको समिक्षा गर्ने ।
- लैसअसासमैत्री वातावरण तयार गर्ने लक्षित वर्गका सवाललाई मूलप्रवाहीकरण गर्ने सन्दर्भमा विषय विज्ञहरुको सल्लाह तथा परामर्श लिने ।

## ९ निश्कर्ष

मेचीनगर नगरपालिका क्षेत्रभित्र वर्तमान अवस्थामा रहेको बहिष्करण, लैंगिक विभेद, जातीय छुवाछुत भेदभाव र असमानता, विभेदकारी गलत सामाजिक व्यवहार मुल्यमान्यता र महिला तथा लक्षित वर्गमाथि हुने हिंसा शोषण उत्पिडन गरिवी लगायतका विसंगतिहरुको न्यूनिकरण गर्न संघीय सरकार, प्रदेश सरकार र नगरपालिकाद्वारा कानुन,नीति तथा लैंगिकमैत्री आचार संहिताको पालना गर्न जरुरी रहन्छ ।

वर्षौंदेखि असमानता विभेद र वहिष्करणमा परेका लक्षित वर्गको सम्मानपूर्वक सामाजिक हैसियत कायम गराउन राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरमा गरिएका प्रतिवद्धताको कार्यान्वयन गर्दै समुन्नत र समतामुलक

मेचीनगर बनाउन लैंगिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण रणनीतिको कार्यान्वयनमा ल्याईएको हो।

लैंगिक समानता, अपांगता तथा सामाजिक समाबेशीकरण रणनीति